# प्रभाव दैनिक
National Daily

वर्ष १३ | अंक १२२ | काठमाडौं | आइतबार, ०७ भदौ २०८३ | Prabhab National Daily | Sunday, 23 August 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ ।–



**बाल अधिकारको संरक्षण गरौं**

- बालबालिकाको अधिकारको सम्मान गरौं,
- बालश्रम, बालविवाह, बालहिंसा तथा सबै प्रकारका शोषणको अन्त्य गरौं,
- बालबालिकालाई गुणस्तरीय शिक्षा, स्वास्थ्य र पोषण सुनिश्चित गरौं,
- बालमैत्री, सुरक्षित र भेदभावरहित वातावरण निर्माण गरौं,
- बालबालिकाको विचार र सहभागितालाई उचित सम्मान गरौं,
- बालबालिकालाई अनलाइन तथा साइबर जोखिमबाट सुरक्षित राखौं,
- परिवार, विद्यालय र समुदाय मिलेर बाल अधिकारको संरक्षणमा सक्रिय बनौं,

समुन्नत राष्ट्र निर्माणका लागि बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# मलेसिया रोजगारीमा 'सिण्डिकेट'

## २५ म्यानपावरलेमात्र श्रमिक पठाउन पाउने

■ ममता थापा

**काठमाडौं–** वैदेशिक रोजगार व्यवसायीहरूको विरोध र सरकारी प्रतिबद्धताबीच मलेसिया रोजगारीमा एकाधिकार (सिण्डिकेट) लागू भएको छ। मलेसिया सरकारले शनिबारदेखि कार्यान्वयनमा ल्याएको श्रमिक भर्नासम्बन्धी एकीकृत प्रणाली 'फरेन वर्कर्स सेन्ट्रलाइज्ड म्यानेजमेन्ट

**सन्दर्भः वैदेशिक रोजगार**

सिस्टम' (एफडब्ल्युसिएसएस) मा नेपालका २५ वटा म्यानपावर कम्पनीकोमात्र नाम सूचीकृत गरिएको हो ।

अब सूचीकरणमा परेका ती म्यानपावरले मात्र मलेसियामा नेपाली श्रमिक पठाउन पाउने भएका छन् । यसअघि सो प्रणालीमा मलेसियामा श्रमिक पठाउने सबै इजाजतपत्र प्राप्त संस्थाको नाम भए पनि शुक्रबार मध्यरातिबाट सीमित संस्थालाई मात्र राखिएसँगै मलेसिया रोजगारीमा एकाधिकार सुरु भएको जनाइएको छ । मलेसियाको मानव संसाधन मन्त्रालयले भने रोजगारदाताले सरकारी कार्यालयमा पटक-पटक जानुपर्ने झञ्झट हटाउन तथा भर्ना प्रक्रियालाई थप व्यवस्थित र पारदर्शी बनाउन डिजिटल प्रणाली अवलम्बन गरिएको दाबी गरेको छ ।

व्यवसायीहरूले मलेसिया रोजगारीमा सिण्डिकेट लागू गराउन लागिएको भन्दै त्यसविरुद्ध आवाज उठाउँदै आएका थिए । नेपाल सरकारले न कुनै पनि हालतमा सिण्डिकेट लागू हुन नदिने प्रतिबद्धता जनाउँदै आएको थियो । तर, मलेसियाले कार्यान्वयनमा ल्याएको एफडब्ल्युसिएसएस प्रणालीले २५ वटा म्यानपावरलाई मात्र श्रमिक पठाउने अधिकार सुरक्षित गरिदिएको छ ।

उक्त प्रणालीले सीमित व्यवसायीलाई मात्र मलेसियाको श्रमिक भर्ना प्रक्रियामा समावेश गराउने भएपछि व्यवसायीहरू आक्रोशित भएका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघले मलेसियाको उक्त प्रणालीमा नाम दर्ता भएका संस्थालाई संघको सदस्यताबाट निलम्बन गरेर तीन दिनभित्र स्पष्टीकरण बुझाउन पत्र पठाएको छ ।

मलेसियाले छनोट गरेका हरेक संस्थालाई सरकारले तत्काल अनुसन्धानको दायरामा ल्याउनपर्ने संघका अध्यक्ष डिकबहादुर खत्रीले बताए । 'अनुबन्धित भएका २५ वटा संस्थालाई सरकारले हरेक प्रकार अनुसन्धानको दायरामा ल्याउनुपर्छ । सोमबार श्रम मन्त्रालयलाई आवश्यक छानबिन र कारबाहीको सिफारिस गर्छौं,' खत्रीले भने ।

'सूचीकरण भएका संस्थासँग स्पष्टीकरण सोध्ने, चित्तबुझ्दो जवाफ नआएको खण्डमा निलम्बन अर्थात् निस्काशन गर्न संघको विधानले निर्दिष्ट गरेको छ,' उनले भने, 'संघले आफ्ना सदस्य संस्थाले गरिरहेको गलत गतिविधिका सन्दर्भमा नेपालका नियमन गर्ने सबै निकायमा कारबाहीको अपिल गर्छ ।'


क्रमशः पृष्ठ २ मा


FWCMS
PROTECTING MIGRANTS, FOSTERING MALAYSIA

### सिण्डिकेट सूचीमा परेका २५ म्यानपावर

- फ्रन्टलाइन रिक्रुटमेन्ट प्रालि
- लाल धनुष इन्टरनेसनल सर्भिस
- नेपाल प्लेसमेन्ट एजेन्सी प्रालि
- द रिभर ओभरसिज प्रालि
- एसिया लिंक सर्भिसेज प्रालि
- मोन्टेज ओभरसिज प्रालि
- नेपाल एचआर सोलुसन प्रालि
- स्काइ पावर इन्टरनेसनल सर्भिसेज
- ट्रस्ट नेपाल ओभरसिज प्रालि
- एक्सेस पार्टनर्स प्रालि
- ह्वाइट हर्स इन्टरनेसनल प्रालि
- ट्रान्स एसिया इन्टिग्रेट सर्भिसेज प्रालि
- बीएम ओभरसिज प्रालि
- इण्डो अरब म्यानपावर प्रालि
- संयोग ओभरसिज प्रालि
- ट्यालेन्ट ओभरसिज सर्भिसेज प्रालि
- वाइड स्पेस इन्टरनेसनल
- खोजी रिक्रुटमेन्ट सर्भिसेज प्रालि.
- ए.एन.एस. एसोसिएट्स प्रालि
- अल-हयात म्यानेजमेन्ट सिस्टम प्रालि
- अल स्किल्स इन्टरनेसनल ह्युमन रिसोर्सेस
- बिलिभेबल ओभरसिज प्रालि
- डी स्क्वायर्ड ग्रुप
- डी.डी. ह्युमन रिसोर्सेस ग्रुप प्रालि
- प्यारामाउन्ट एम्प्लोयमेन्ट कन्सल्टेन्सी प्रालि

### सरकारले थाल्यो कूटनीतिक पहल, मलेसियालाई पठाइयो पत्र

**काठमाडौं (प्रस)–** मलेसियामा नेपाल श्रमिक पठाउनका लागि २५ वटा म्यानपावर कम्पनीमात्र सूचीकृत गरी एकाधिकार (सिण्डिकेट) लागू गरिएकोप्रति नेपाल सरकारले गम्भीर चासो व्यक्त गरेको छ । युवा, श्रम तथा रोजगार मन्त्रालयले शनिबार प्रेस विज्ञप्ति जारी गर्दै चासो व्यक्त गरेको हो ।

विभिन्न सञ्चारमाध्यममा मलेसियाको एफडब्ल्युसिएमएस पोर्टलमा सूचीकृत ...


क्रमशः पृष्ठ २ मा



## संयुक्त ध्यानाकर्षण

**मलेसिया सिन्डिकेटविरुद्ध सामूहिक ऐक्यबद्धतासहित**
**हामी सम्पूर्ण घटक संस्थाहरूको संयुक्त ध्यानाकर्षण ।**

यस प्रकारको विषयले वैदेशिक रोजगार व्यवसायीहरूको पेशागत स्वतन्त्रता, समान अवसर तथा व्यवसाय सञ्चालनको अधिकारमाथि गम्भीर प्रश्न खडा गरेको छ। वैदेशिक रोजगार क्षेत्रमा कुनै निश्चित व्यक्ति वा समूहलाई मात्र लाभ पुग्ने गरी सिन्डिकेट कायम गर्ने, अन्य व्यवसायीहरूलाई व्यवसायबाट विस्थापित गर्ने वा सीमित व्यवसायीहरूको नियन्त्रणमा रोजगारीका अवसर केन्द्रित गर्ने कुनै पनि प्रयास हामीलाई स्वीकार्य हुन सक्दैन ।

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले समेत विभिन्न समयमा जारी गरेका सार्वजनिक विज्ञप्ति तथा धारणामार्फत सिन्डिकेट वा एकाधिकार कुनै पनि हालतमा स्वीकार्य नहुने र त्यस्तो अवस्था सिर्जना हुन नदिने स्पष्ट प्रतिबद्धता व्यक्त गर्दै आएको अवस्थामा पुनः कुनै पनि प्रकारको एकाधिकार कायम गर्ने प्रयास हुनु गम्भीर र चिन्ताजनक विषय हो ।

त्यसैगरी, नेपालको संविधानको धारा ५१ अन्तर्गत राष्ट्रिय अर्थतन्त्रसम्बन्धी नीतिको खण्ड (घ) को उपधारा (३) मा कालोबजारी, एकाधिकार, कृत्रिम अभाव तथा प्रतिस्पर्धा सीमित गर्नेजस्ता गतिविधिको अन्त्य गर्ने राज्यको नीति उल्लेख गरिएको छ ।

यस संवैधानिक व्यवस्था, नेपाल सरकारको घोषित नीति तथा वैदेशिक रोजगार व्यवसायमा समान अवसर र स्वस्थ प्रतिस्पर्धाको मूल भावना विपरीत हुने गरी कुनै पनि प्रकारको सिन्डिकेट वा एकाधिकार कायम गर्ने प्रयास भएमा त्यसको हामी सम्पूर्ण घटक संस्थाहरु दृढतापूर्वक विरोध गर्दछौं ।

हाल सार्वजनिक भएको २५ जना व्यवसायीहरूको नामसँग जोडिएको विषयमा संघले सम्पूर्ण व्यवसायीहरूको हकहितको संरक्षण गर्दै तत्काल प्रभावकारी, पारदर्शी र जिम्मेवार कदम चाल्नुपर्ने हाम्रो स्पष्ट धारणा रहेको छ।

अतः देहायबमोजिमका मागहरु तत्काल कार्यान्वयन गर्न यो ध्यानाकर्षण पत्र पेश गर्दछौं ।

**हाम्रा मुख्य मागहरू**

१. सार्वजनिक भएको २५ जना व्यवसायीहरूको नामका सम्बन्धमा संघले २४ घण्टाभित्र आवश्यक छानबिन गरी सत्य-तथ्यसहितको स्पष्ट आधिकारिक धारणा सार्वजनिक गर्नुपर्ने ।

२. उक्त विषयमा सम्बन्धित २५ जना व्यक्तिहरूको संलग्नताबारे निष्पक्ष छानबिन गरी उनीहरूलाई संघको साधारण सदस्य, कार्यसमिति सदस्य, सल्लाहकारलगायत संघभित्रका जिम्मेवारी तथा पदबाट निलम्बन वा हटाउने आवश्यक प्रक्रिया २४ घन्टा भित्रमा नै प्रारम्भ गर्नुपर्ने ।

३. मलेसिया रोजगारीमा कुनै पनि प्रकारको सिन्डिकेट, एकाधिकार वा सीमित व्यवसायीको नियन्त्रण कायम हुन नदिई, वैधानिक रूपमा दर्ता तथा इजाजतप्राप्त सम्पूर्ण व्यवसायीहरूले समान र सहज रूपमा व्यवसाय सञ्चालन गर्न पाउने वातावरण तत्काल सुनिश्चित गर्नुपर्ने ।

४. सार्वजनिक भएको २५ जनाको सूचीका सम्बन्धमा संघले सम्बन्धित निकायसँग तत्काल समन्वय गरी उक्त सूचीको वास्तविकता, आधार, संलग्नता तथा निर्णय प्रक्रियाबारे सम्पूर्ण व्यवसायीहरूलाई पारदर्शी रूपमा जानकारी गराउनुपर्ने ।

५. संघको नेतृत्वले यस विषयलाई गम्भीरतापूर्वक लिँदै २४ घण्टाभित्र ठोस निर्णय, पहल तथा परिणामसहितको आधिकारिक धारणा सार्वजनिक गर्नुपर्ने ।

**संस्थागत जिम्मेवारी सम्बन्धमा**

अन्त्यमा, तोकिएको २४ घण्टाभित्र संघले यस विषयमा कुनै ठोस पहल, निर्णय वा परिणाम दिन नसकेको अथवा सार्वजनिक भएको विषयमा संघकै जिम्मेवार पदाधिकारी वा सदस्यहरूको संलग्नता, संरक्षण वा सहजीकरण रहेको छ । त्यसको नैतिक तथा संस्थागत जिम्मेवारी संघको नेतृत्वले स्वीकार गर्नुपर्नेछ । त्यस्तो अवस्थामा संघको नेतृत्वले व्यवसायीहरूको विश्वास, संघको संस्थागत मर्यादा तथा समग्र वैदेशिक रोजगार क्षेत्रको हितलाई ध्यानमा राख्दै यस्तो अवस्थामा यदि संघले तत्काल हामीले माग गरेको २४ घण्टाभित्र आवश्यक कदम चाल्न आव्हान गर्दै, समानरूपमा सबै व्यवसायीले काम गर्ने वातावरण बनाउन हामी सम्पूर्ण घटक संस्थाहरु हार्दिक अनुरोध गर्दछौं ।

सिन्डिकेट, एकाधिकार र प्रतिस्पर्धा सीमित गर्ने कुनै पनि गतिविधिका विरूद्ध सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीहरूको पेशागत स्वतन्त्रता, समान अवसर र व्यवसाय सञ्चालनको अधिकारको संरक्षणका लागि हामी सम्पूर्ण घटक संस्थाहरु एकताबद्ध र दृढतापूर्वक उभिएका छौं । एकाधिकार कायम गर्ने प्रयास भएमा त्यस्तो कदमको विरूद्ध हामी सम्पूर्ण राजनीतिक जातीय क्षेत्रीय र भेगिए घटक संस्थाहरु एक भई दृढतापूर्वक विरोध गर्दछौं ।

**जारीकर्ताः**

**संयुक्त घटक संस्थाहरू**

**राम प्रसाद गैरे**
अध्यक्ष
नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन

**धनलाल जैसी**
अध्यक्ष
नेपाल वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च

**अख्तर हुसैन**
वरिष्ट उपाध्यक्ष
तराई वैदेशिक रोजगार व्यवसायी समाज

**पदम बहादुर आले**
अध्यक्ष
नेपाल मगार वैदेशिक रोजगार व्यवसायी समाज

**अमृत विश्वकर्मा**
अध्यक्ष
नेपाल वैदेशिक रोजगार व्यवसायी विश्वकर्मा समाज

**मोहन बहादुर स्याङवा**
अध्यक्ष
वैदेशिक रोजगार तामाङ व्यवसायी समाज

**मल्जुम मियाँ**
अध्यक्ष
नेपाल मुस्लिम वैदेशिक रोजगार व्यवसायी समाज

**नवल किशोर यादव**
अध्यक्ष,
तराई वैदेशिक रोजगार व्यावसायिक समाज

**हरि बहादुर पाण्डे**
अध्यक्ष
नेपाल वैदेशिक रोजगार व्यावसायिक एकता समिति

**किसान प्रधान**
अध्यक्ष
वैदेशिक रोजगार व्यवसायी नेवाः समाज

**प्रतिमा महर्जन**
अध्यक्ष, नेपाल वैदेशिक रोजगार महिला व्यवसायी संघ

**रबिन्द्र शेरचन**
अध्यक्ष, वैदेशिक रोजगार धौला श्री समाज

**तिर्थ बहादुर गुरुङ्ग**
अध्यक्ष
नेपाल वैदेशिक रोजगार व्यवसायी तमु धि

**चन्द्र प्रसाद राई**
अध्यक्ष, वैदेशिक रोजगार किरात यायोख्या व्यवसायी समाज

**छत्र बस्नेत**
कार्यवाहक सभापति, स्वतन्त्र वैदेशिक रोजगार व्यवसायी संघ

**मिन प्रसाद गोले**
कार्यवाहक अध्यक्ष, एकीकृत वैदेशिक रोजगार व्यवसायी संस्था


# प्रधानमन्त्री शाहको मुस्ताङ भ्रमण 'रहस्यमय'

## सुरक्षाको कारण भन्दै भ्रमणबारे सचिवालयले दिएन जानकारी

■ जेबी योञ्जन



**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाह कास्की हुँदै मुस्ताङ पुगेका छन्। उनको यो भ्रमणलाई लिएर राजनीतिक तथा सार्वजनिक वृत्तमा अनेक प्रश्न उठेका छन्।

प्रधानमन्त्री शाह कास्कीको माछापुच्छ्रे गाउँपालिकास्थित अन्नपूर्ण इको भिलेज रिसोर्टबाट शनिबार मुस्ताङ आइपुगेको प्रमुख जिल्ला अधिकारी अजिता शर्माले जानकारी दिइन्। तर, भ्रमण कहाँ-कहाँ हुनेबारे भने खुलाउन चाहिनन्। 'सम्माननीयज्यू (प्रधानमन्त्री) मुस्ताङ आइपुग्नुभएको छ, कहा-कहाँ पुग्नुहुन्छ भन्ने मलाई जानकारी भएन,' उनले प्रभावसँग भनिन्।


क्रमशः पृष्ठ २ मा



## विज्ञप्ति

नेपाली श्रमिकहरूको प्रमुख तथा आकर्षक वैदेशिक रोजगार गन्तव्य मुलुक मलेसियामा नेपाली श्रमिकको रोजगारी तथा भर्ना प्रक्रियालाई व्यवस्थित, पारदर्शी, प्रतिस्पर्धात्मक र श्रमिकमैत्री बनाउन नेपाल सरकार र मलेसिया सरकारबीच भएका द्विपक्षीय श्रम सम्झौता, समझदारी तथा स्थापित कूटनीतिक अभ्यासलाई पूर्ण रूपमा पालना गरिनुपर्ने नेपाल वैदेशिक रोजगार व्यवसायी संघको स्पष्ट धारणा रहेको छ । नेपालमा प्रचलित ऐन, नियम तथा कानुनअनुसार इजाजतपत्र प्राप्त गरी वैधानिक रूपमा वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरिरहेका करिब १,२०० व्यवसायी तथा संस्थालाई समान अवसर र प्रतिस्पर्धाको अधिकार सुनिश्चित हुनुपर्नेमा मलेसियाको विदेशी कामदार भर्ना प्रक्रियामा प्रयोग हुँदै आएको FWCMS प्रणालीमा सीमित २५ संख्याका व्यवसायीलाई मात्र आबद्ध गरी अन्य वैधानिक व्यवसायीलाई प्रक्रियाबाट बाहिर राख्ने व्यवस्था साथै कपोकल्पित रूपमा अरू २५० वटा इजाजतपत्रवालाको नाम Excel Sheet बनाई भ्रम सिर्जना गराई व्यवसायी एकता भड्काउने प्रयास प्रति संघको गम्भीर ध्यानाकर्षण भएको छ ।

यस विषयमा मिति २०८३/०५/०६ गते बसेको संघको आकस्मिक बैठकको निर्णयअनुसार FWCMS मा समावेश भएका २५ वटै संस्थालाई हालको लागि संघको सदस्यबाट निलम्बन गरी ३ दिनभित्र तथ्य प्रमाण र सम्बन्धित कागजातसहित चित्तबुझ्दो स्पष्टीकरण पेश गर्न निर्देशन दिइएको छ । FWCMS मा ती संस्थाहरु कसरी, कुन आधारमा र कसको पहल र समन्वयमा समावेश भए, त्यस क्रममा कुनै सम्झौता, आर्थिक कारोबार, कमिसन, शुल्क वा अन्य लाभ-सुविधाको आदानप्रदान भएको हो वा होइन भन्ने विषयमा स्पष्ट जवाफ आवश्यक छ र ३ दिनभित्र चित्तबुझ्दो स्पष्टीकरण प्राप्त नभएमा संघले कुनै दबाब वा प्रभावमा नपरी विधान, आचारसंहिता तथा प्रचलित देशको कानुनबमोजिम कडा भन्दा कडा कारबाही गर्न गराउन संस्थागत कदम चाल्नेछ ।

यस विषयमा संघ मौन बसेर तमासा हेर्ने पक्षमा छैन र आवश्यक परे सिण्डिकेट र यसमा संलग्न सबै ईजाजतवाला संस्थाहरूको सम्बन्धमा भएको निर्णयको सूचना, कागजात तथा प्रमाणहरु वैदेशिक रोजगार विभाग, सम्बन्धित मन्त्रालय, सम्पत्रि शुद्धीकरण अनुसन्धान विभाग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, नेपाल प्रहरीका सम्बन्धित अनुसन्धानका निकायहरु तथा विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूमा समेत पठाई हालको कामकारोबार रोकी निष्पक्ष छानबिन, अनुसन्धान र कारबाहीका लागि औपचारिक पहल गरिनेछ । वैदेशिक रोजगार व्यवसाय कुनै व्यक्ति वा सीमित समूहको निजी स्वार्थमा चल्ने क्षेत्र हैन र सिण्डिकेट तथा एकाधिकार र यस्ता व्यावसायिक विभेदविरूद्ध संघ आवश्यक परे निर्णायक तथा कडा संघर्षमा उत्रिनेछ ।

**हिरा बहादुर डाँगी (हरि)**
महासचिव

**डिक बहादुर खत्री (कुमार)**
अध्यक्ष

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
सिफल -७, काठमाडौं, फोन नं. ०१-४५२०२६९/४५२४४१८



## प्रेस विज्ञप्ति

मलेसिया रोजगारीमा एकाधिकार कायम गर्ने प्रयासप्रति संघको गम्भीर आपत्ति मलेसियाको रोजगारीको क्षेत्रमा केही सीमित व्यवसायीहरूको स्वार्थपूर्तिका लागि सिन्डिकेट तथा एकाधिकार कायम गर्ने प्रयास भइरहेको विषयप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ।

मलेसियाको रोजगारीमा एकाधिकार कायम गर्ने उद्देश्यले करिब २५ व्यवसायीहरूको नाम समावेश गरिएको सूची सार्वजनिक रूपमा देखिन थालेको छ। उक्त सूचीमा आफ्नो नाम समावेश भएको विषयमा आफूलाई कुनै जानकारी नभएको बताउने व्यवसायीहरु समेत रहेको जानकारी प्राप्त भएको छ। यस प्रकारको गतिविधिले वैदेशिक रोजगार व्यवसायीहरूबीच अन्योल, भ्रम र अविश्वास सिर्जना गर्ने अवस्था देखिएको छ।

साथै, नेपाल वैदेशिक रोजगार व्यवसायी संघले मलेसिया रोजगारीमा एकाधिकार कायम गर्ने कार्यमा संलग्न सूचीमा समावेश २५ व्यवसायीमध्ये एक जनालाई मात्र साधारण सदस्यसमेत नरहने गरी कारबाही गरिएको तथा बाँकी २४ जनालाई उन्मुक्ति दिइएको विषयप्रति समेत हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ।

वैदेशिक रोजगार व्यवसाय सञ्चालनमा सबै व्यवसायीलाई समान अवसर, पारदर्शिता र निष्पक्ष प्रतिस्पर्धाको वातावरण सुनिश्चित गरिनुपर्छ। कुनै सीमित समूह वा व्यवसायीको स्वार्थका लागि सिन्डिकेट वा एकाधिकार कायम गर्ने प्रयास कुनै पनि अवस्थामा स्वीकार्य हुन सक्दैन। साथै, व्यवसायीहरूलाई अन्योल र भ्रममा पार्दै मलेसिया रोजगारीको प्रवाहलाई अन्य मुलुकतर्फ, विशेषगरी बंगलादेशतर्फ मोड्ने प्रयास भइरहेको आशंकाप्रति समेत हामी गम्भीर भएका छौं ।

अतः सम्पूर्ण वैदेशिक रोजगार व्यवसायी साथीहरूलाई सचेत र एकताबद्ध रहन, कुनै पनि प्रकारको सिन्डिकेट तथा एकाधिकारको विरोध गर्न तथा स्वतन्त्र, समान, पारदर्शी एवं मर्यादित वैदेशिक रोजगार व्यवसाय सञ्चालनका लागि एकजुट भई आवाज उठाउन संघ हार्दिक अपिल गर्दछ। साथै, यस विषयमा नेपाल सरकारको समेत गम्भीर ध्यानाकर्षण गराउँदै बाँकी व्यवसायीहरूको हकहित सुनिश्चित गर्न आवश्यक पहल तथा उचित छानबिन गरी न्यायोचित निर्णय लिन अनुरोध गर्दछौं ।

धन्यवाद !

**श्री कमल निरौला**
महासचिव

**श्री छत्रबहादुर बस्नेत**
अध्यक्ष

**स्वतन्त्र वैदेशिक रोजगार व्यवसायी संघ**
काठमाडौं, नेपाल

# सरकार र प्रसाईं नेतृत्वको नागरिक बचाउ महाअभियानबीच १४ बुँदे सहमति

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल सरकार र दुर्गा प्रसाईं नेतृत्वको राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाभियान नेपालबीच १४ बुँदे सहमति भएको छ । सरकारी वार्ता टोलीसँग शनिबार भएको वार्तामा उक्त सहमति भएको हो ।

सहमति भएसँगै महाभियानले आयोजना गर्दै आएका धर्ना तथा आन्दोलनका सम्पूर्ण कार्यक्रम शनिबारदेखि अन्त्य गर्ने भएको छ । काठमाडौं उपत्यका प्रवेश गरी ललितपुरको पुल्चोकमा धर्नामा रहेका महाभियानका प्रतिनिधि र सरकारद्वारा गठित वार्ता टोलीबीच भएको गहन छलफलपछि उक्त सम्झौतापत्रमा हस्ताक्षर भएको जनाइएको छ ।

सरकारका तर्फबाट वार्ता टोली संयोजक एवं प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव लिलाधर सुवेदी र महाभियानका तर्फबाट वार्ता समिति संयोजक विष्णु बोहोरा क्षेत्रीले सहमतिपत्रमा हस्ताक्षर गरेका छन् ।

सहमतिपत्रमा कालोसूचीमा परेका ऋणीहरूको बैंक खातामा रहेको सामाजिक सुरक्षाभत्ता, औषधोपचार खर्च रकम, निवृत्तिभरण रकम र तलब खाता सञ्चालनमा बैंक तथा वित्तीय संस्थाले रोक लगाउन नपाउने व्यवस्था गर्ने, लघुवित्त संस्थाको कालोसूची र धितो लिलामसम्बन्धी विद्यमान व्यवस्थामा नेपाल राष्ट्र बैंकले पुनरावलोकन गर्ने तथा कर्जा मिनाहसम्बन्धी मागका विषयमा तथ्यांक संकलन र विश्लेषण गरी उपयुक्त कार्यान्वयनयोग्य विकल्प तयार गरी नेपाल सरकार, अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक र सम्बन्धित निकायमार्फत कार्यान्वयन गर्ने उल्लेख छ ।



साथै परिस्थितिजन्य कारणले कर्जाको साँवा तथा ब्याज नियमित गर्न नसकेका बैंक तथा वित्तीय संस्थाका ऋणीको हकमा कर्जा पुनर्तालिकीकरण गर्नेसम्बन्धी व्यवस्था थप गरी कार्यान्वयन गर्ने गराउने, लघुवित्त संस्थाले ऋण प्रवाह गर्दा धितोस्वरूप अग्रिम चेक लिने, खाली कागजमा तमसुक गराउनेलगायतका कार्यलाई नियमित निगरानी गरी त्यस्ता कार्य पूर्णरूपमा बन्देज गरिने सहमतिमा उल्लेख छ ।

बैंक तथा वित्तीय संस्थासम्बन्धी समस्या र गुनासोको प्रभावकारी व्यवस्थापन गर्न नेपाल राष्ट्र बैंकमा अनलाइन प्रणाली एवं टोल फ्री हटलाइनको व्यवस्था गर्ने र सोको प्रभावकारिताको नियमित अनुगमन गर्ने, बचत खातामा रहेको रकमबाट सम्बन्धित ऋणीको ऋण समायोजन गर्दा सोको विवरणसहितको जानकारी सम्बन्धित व्यक्तिलाई दिने तथा अनिवार्य बचत खातामा रहेको रकमबाहेक अन्य खातामा रहेको बचत रकम सम्बन्धित सदस्यले माग गरेमा अनिवार्य उपलब्ध गराउने व्यवस्था गरी सोको प्रभावकारी अनुगमन गर्ने सहमतिमा उल्लेख गरिएको छ ।

त्यसैगरी सहमतिअनुसार लघुवित्त संस्थाका सदस्य, ऋणी र कर्मचारीसँग सम्बन्धित समस्या निराकरणका लागि आवश्यक अध्ययन गरी सुझाव दिन अर्थ मन्त्रालयले स्वतन्त्र विज्ञ सम्मिलित लघुवित्त संस्थाका समस्या समाधानसम्बन्धी उच्चस्तरीय समिति गठन गर्ने, साथै उक्त समितिले अध्ययन गर्दा पीडित ऋणी सदस्य तथा सरोकारवालाहरूसँग छलफल गरिने छ । ऋण असुलीका लागि यातना दिने, घरबाट जिन्सी सामान उठाएर लैजाने, किस्ता नतिरेसम्म संस्थाका कर्मचारी घरमै बसेर धरपकड, गाली बेइज्जती, दुर्व्यवहारलगायतका गैरकानुनी कार्यहरू गरेमा त्यस्ता कार्यउपर पीडितले जिल्ला प्रशासन कार्यालयमा उजुरी गर्ने र प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाउन गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरिने छ ।

त्यसैगरी धितो लिलाम एवं पञ्चकृत मूल्यांकनसम्बन्धी प्रक्रियालाई पारदर्शी बनाउन धितो लिलामको सूचना निकाल्नुपूर्व अनिवार्य रूपमा ऋणीलाई जानकारी दिने व्यवस्था गर्नेगरी कानुनी एवं प्रक्रियागत सुधार गर्ने, धितो लिलाम गरी सम्पूर्ण लेना रकम असुलउपर भइसकेपछि ऋण राफसाफ हुने र कालोसूचीबाट हटाउने व्यवस्था गर्न कानुनी सुधारलगायतका आवश्यक व्यवस्था मिलाउने सम्झौता भएको छ ।

पृष्ठ १ बाट क्रमशः

## मलेसिया रोजगारीमा...

संघले कपोकल्पितरूपमा अन्य २५० इजाजतपत्र प्राप्त संस्थाको नाम राखेर एक्सल सिट बनाउँदै व्यवसायीको एकता भड्काउने प्रयास गरेकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

सूचीकृत भएका संस्थाहरूसँग कसरी र कसको पहलमा समावेश भएको हो, सो क्रममा कुनै सम्झौता वा अन्य लाभ-सुविधाको आदानप्रदान भएको हो वा होइन भन्ने स्पष्ट जवाफ माग गरेको छ । चित्तबुझ्दो स्पष्टीकरण प्राप्त नभए कुनै दबाबमा नपरी कडाभन्दा कडा कारबाही गर्न र गराउन कदम चाल्ने संघले जनाएको छ ।

### एसोसिएसनले बुझायो पत्र

यसैबीच नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले पनि मलेसिया सिण्डिकेटविरुद्ध २४ घण्टाभित्र आवश्यक कदम चाल्न संघलाई ध्यानाकर्षणपत्र बुझाएको छ । एसोसिएसनले २५ व्यवसायीमाथि २४ घण्टाभित्र छनबिन गरेर स्पष्ट धारणा सार्वजनिक गर्नुपर्ने, सूचीकृत भएका संस्थालाई संघको कुनै पनि जिम्मेवारीमा नरहनेगरी तत्काल निष्कासन गर्नुपर्ने, सबै व्यवसायीले मलेसिया भर्ना प्रक्रियामा सहभागी हुनसक्ने वातावारण सिर्जना गर्नुपर्ने र २५ जना व्यवसायीको वास्तविकताबारे आम व्यवसायीलाई पारदर्शी हिसाबले जानकारी गराउनपर्ने माग राखेको छ ।

२४ घण्टाभित्र ठोस परिणाम निकाल्न नसके सार्वजनिक भएको विषयमा संघ स्वयं जिम्मेवार भएको ठहर हुने भएकाले कार्यसमितिबाट राजीनामा दिएर मार्गप्रशस्त गर्नुपर्नेसमेत एसोसिएसनका अध्यक्ष रामप्रसाद गैरेले बताए । एफडब्ल्युसिएसएसमा बंगलादेश, भारतलगायत अन्य स्रोत मुलुककासमेत सीमित संस्थाको नाम सूचीकृत गरिएको छ । व्यवसायीहरूले सकारबाट इजाजत पाएका सबै संस्थाले समान अवसर पाउनुपर्ने बताउँदै आएका छन् । सूचीकृत २५ जना व्यवसायीमध्ये अधिकांश मलेसियामा रहेका केही व्यवसायीले बताएका छन् । सेटिङ मिलाउन र असुरक्षाका कारण उनीहरू मलेसिया गएको बुझिएको छ ।

■■■

## सरकारले थाल्यो...

एजेन्सीमार्फत मात्र श्रमिक पठाउन लागिएको समाचार सार्वजनिक भएपछि मन्त्रालयलेकूटनीतिक पहल सुरु गरेको विज्ञप्तिमा जनाइएको छ । उक्त विज्ञप्तिका अनुसार श्रममन्त्री रामजी यादवले नेपालका लागि मलेसियाका कार्यवाहक राजदूत मोहद फिर्दोस अजमानसँग भेटघाट गरी द्विपक्षीय छलफल र परामर्श गरेका छन् । भेटमा श्रम आप्रवासनसम्बन्धी विषय दुवै देशको आपसी छलफल, परामर्श र सहमतिका आधारमामात्र अगाडि बढाउन सकिनेबारे मलेसिया सरकारलाई अवगत गराइएको मन्त्रालयले जनाएको छ ।

'मन्त्रालयले आजै परराष्ट्र मन्त्रालयमार्फत मलेसिया सरकारलाई हाल कायम रहेको प्रणालीलाई नै निरन्तरता दिन परराष्ट्र मन्त्रालयमार्फत औपचारिक पत्राचार गरिसकेको छ,' मन्त्रालयका प्रवक्ता एवं सहसचिव पिताम्बर घिमिरेद्वारा शनिबार जारी विज्ञप्तिमा भनिएको छ । द्विपक्षीय श्रम सम्झौताबमोजिम संयुक्त प्राविधिक समितिको बैठक र वार्ताका माध्यमबाट समस्या समाधान गर्न सकिने धारणा नेपालको रहेको छ । जारी गरेको विज्ञप्तिमा वैदेशिक रोजगार ऐन, नियमावली र अन्तर्राष्ट्रिय कानुनको परिधिमा रही नेपाली श्रमिकको हकहित सुरक्षित हुनेगरी आवश्यक कूटनीतिक पहल भइरहेको बताइएको छ ।

■■■

## प्रधानमन्त्री शाहको...

प्रधानमन्त्रीको सचिवालयले भ्रमणलाई पूर्णतः निजी भ्रमण भनेको छ । तर, टोलीमा को-को सहभागी छन् ? भ्रमणको उद्देश्य के हो र प्रधानमन्त्री कहाँ-कहाँ जाने कार्यक्रम छ भन्नेबारे भने आवश्यक विवरण सार्वजनिक गरिएको छैन । नगर्नुको कारण 'सुरक्षा चुनौती' भनिएको छ ।

तर, प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले भने प्रधानमन्त्रीको सचिवालयले दिएको यस्तो प्रस्टीकरणबारे उल्टै प्रश्न गरे । उनले भने, 'के प्रधानमन्त्री वालेन्द्र देशभित्रै असुरक्षित भएका हुन् ? हुन् भने को बाट ? यदि सुरक्षा चुनौती बहानामात्रै भए भ्रमणबारे विवरण सार्वजनिक नगराउनुलाई हामी शंकाको दृष्टिले हेर्छौं ।'

प्रधानमन्त्रीजस्तो देशको कार्यकारी प्रमुख रहेका व्यक्तिको सुरक्षा संवेदनशील विषय हो । सुरक्षा चुनौतीका कारण केही भ्रमण विवरण गोप्य राख्नुपर्ने अवस्था आउन सक्छ । तर, सुरक्षा कारण देखाएर प्रधानमन्त्रीको भ्रमणको आधारभूत जानकारीसमेत सार्वजनिक नगर्नुले भ्रमणलाई लिएर स्वाभाविकरूपमा चासो बढाएको आङ्देम्बे बताउँछन् । उनी थप भन्छन्, 'प्रधानमन्त्रीजी नै असुरक्षित भए आन्तरिक पक्षबाट कि बाहय पक्षबाट ? र प्रधानमन्त्री नै असुरक्षित छन् भने आमनागरिक कति सुरक्षित छन् ?'

प्रधानमन्त्रीको भ्रमणबारे सामान्यतया पूर्वसूचना तथा कार्यक्रम सार्वजनिक गर्ने अभ्यास यसअघि थियो । प्रधानमन्त्री कहाँ जाने, भ्रमणको उद्देश्य के हो, कहाँ बस्ने र भ्रमण टोलीमा को-को सहभागी हुनेजस्ता विषयमा सचिवालयबाट जानकारी दिइन्थ्यो ।

त्यो जानकारीले प्रधानमन्त्रीको व्यक्तिगत गोपनीयता भंग गर्नेभन्दा पनि राज्य प्रमुखका रूपमा प्रधानमन्त्रीको सार्वजनिक गतिविधिबारे नागरिकलाई जानकारी गराउने काम गर्थ्यो । तर, प्रधानमन्त्री शाहको निजी भनिएको भ्रमणको प्रकृति, टोली र कार्यक्रमबारे अत्यन्त सीमित सूचनामात्र बाहिर आएको छ । प्रधानमन्त्री निजी भ्रमणमा गएका हुन् भने पनि प्रधानमन्त्रीका रूपमा उनी सार्वजनिक पदाधिकारी भएकाले उनका सार्वजनिक गतिविधि पूर्णतः निजी विषयमात्रै रहन्छन् कि रहँदैनन् ? एमाले प्रमुख सचेतक ऐन महरले सोधे ।

उनका अनुसार प्रधानमन्त्री देशकै संवेदनशील भूगोलतर्फ जान लागेका बेला भ्रमणको उद्देश्य र प्रकृतिबारे सामान्य जानकारी नागरिकले पाउनुपर्छ ।

प्रधानमन्त्री शाह मुस्ताङको लोमान्थाङस्थित ल्हो घ्याकर गुम्बा पुग्ने चर्चा छ । यही सम्भावित गन्तव्यका कारण उनको भ्रमणलाई लिएर प्रश्न झन् गहिरिएको हो । ल्हो घ्याकर गुम्बा पछिल्लो समय विदेशी कूटनीतिज्ञहरूको आवागमनका कारण समेत चर्चामा आएको क्षेत्र हो । केही दिनअघि नेपालस्थित अमेरिकी दूतावासका सार्वजनिक मामिला प्रमुख माइक जे. हार्कर उक्त गुम्बा पुगेका थिए । उनीभन्दा अघि अमेरिकी राजदूत डिन आर थम्पसन पनि त्यहाँ पुगेका थिए । एकपछि अर्को अमेरिकी कूटनीतिज्ञ उक्त क्षेत्र पुगिरहेकै बेला प्रधानमन्त्री शाहको त्यसतर्फ भएको भ्रमण रहस्यमयी भएपछि भ्रमणले कूटनीतिक तथा भूराजनीतिक कोणबाट समेत चासो उत्पन्न गराएको छ । मुस्ताङ नेपाल, चीन र तिब्बतसँग जोडिएको संवेदनशील भौगोलिक क्षेत्र हो । हिमाली सीमाक्षेत्रको रणनीतिक अवस्थिति, चीनसँगको भौगोलिक निकटता र पछिल्लो समय विदेशी कूटनीतिज्ञहरूको बढ्दो गतिविधिले यस क्षेत्रको रणनीतिक महत्त्व थप चर्चामा ल्याएको हो ।

भूराजनीतिक मामिलामा चासो राख्ने राजनीतिक टिप्पणीकार बुद्धछिरिङ मोक्तानले मुस्ताङलाई भूराजनीतिको 'इपिसेन्टर'का रूपमा व्याख्या गरेका छन् । प्रधानमन्त्रीको भ्रमणलाई लिएर उनले सामाजिक सञ्जालमार्फत समेत प्रश्न उठाएका छन् ।

प्रधानमन्त्री संसद्मा नजाने, संसदीय दलको बैठकमा सहभागी नहुने, जनतासँग संवाद नगर्ने र बाढीपहिरो तथा मधेसका चार साताअघि उत्पन्न धार्मिक तनाव मत्थर गर्न नजाने तर मुस्ताङ पुग्ने तयारी गर्नुको अर्थ के हो ? प्रश्न उठिरहेको छ । यद्यपि, प्रधानमन्त्रीको भ्रमण कुनै कूटनीतिक वा शंकास्पद भेटघाटका लागि भएको भन्ने पुष्टि भने हालसम्म भएको छैन । राजनीतिक वृत्तमा उठिरहेका प्रश्नहरू मूलतः भ्रमणको गोपनीयता, गन्तव्य र समयसँग सम्बन्धित छन् ।

### एक रूपैयाँको सिक्कादेखि मुस्ताङसम्म

प्रधानमन्त्री शाहको मुस्ताङ भ्रमणलाई लिएर एक महिनाअघिको विवाद जोडेर कतिपयले टिप्पणी गरिरहेका छन् । सरकारले ल्हो घ्याकर गुम्बाको तस्बिरलाई एक रूपैयाँको सिक्कामा समेट्ने तयारी गरेको विषय यसअघि विवादमा आएको थियो ।

सिक्कामा राखिने तस्बिरका विषयमा नेपालको चुच्चे नक्सासँग सम्बन्धित प्रश्न उठेपछि उक्त निर्णय विवादित बनेको थियो । त्यसपछि सरकार उक्त विषयबाट पछि हटेको थियो । अब त्यही क्षेत्र प्रधानमन्त्रीको सम्भावित भ्रमणको गन्तव्य हुने विषय सार्वजनिक भएपछि विगतको विवादसँग जोडेर पनि प्रश्न उठाउन थालिएको छ । यसअघि नै विदेशी कूटनीतिज्ञहरूको आवागमन, त्यसपछि प्रधानमन्त्रीको सम्भावित भ्रमण र त्यसको गोपनीयतालाई एउटै सन्दर्भमा राखेर राजनीतिक तथा सामाजिक वृत्तमा विभिन्न अड्कलबाजी हुन थालेका छन् ।


कारोवार लगानी बचत

**असलि ईन्भेष्टमेण्ट लिमिटेड**

**Asali Investment Limited**

असलि मण्डप, भगवतीमार्ग, नक्साल, पौ.ब.न.८७०९ काठमाडौं, नेपाल
फोन नं. ४५४४७४२,४५१२३८१, E-mail: asali.investment@gmail.com

**१८औं वार्षिक तथा विशेष साधारण सभा सम्बन्धी सूचना**

दोस्रो पटक मिति २०८३/०५/०७ गते प्रकाशित)

**श्री संस्थापक शेयरधनी महानुभावहरु**

कम्पनी ऐन २०६३ को दफा ६७(२) र असलि ईन्भेष्टमेन्ट लि.(अईलि) को नियमावली,२०६५ को दफा १८ बमोजिम मिति २०८३।०४।३१ को निर्णयानुसार निम्न मिति, समय र स्थानमा १८औं वार्षिक तथा विशेष साधारण सभा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई आवश्यक छलफल तथा निर्णय गर्न उपस्थितको लागि अनुरोध गरिएको छ ।

**मिति, समय र स्थान :**
**मिति :** २०८३ भाद्र २१ गते, आईतवार (०६ सेप्टेम्वर, २०२६)
**समय :** विहान ११:३० बजे देखि १:३० बजे सम्म ।
**स्थान :** असलि मण्डप, दोस्रो तल्ला, नक्साल, काठमाडौं ।

**लिक्विडेटर**

**छलफलका विषयहरु :**

१. कम्पनीको आ.व.२०८२/८३ को लिक्विडेटरको वार्षिक प्रतिवेदनका साथै मिति २०८३।०४।०१ देखि २०८३।०४।३१ सम्मको विशेष साधारण सभामा प्रस्तुत प्रतिवेदन ।
२. कम्पनीको आ.व.२०८२/८३ को वासलात, आयव्यय हिसाव र नगद प्रवाह विवरण पारित गर्ने ।
३. विशेष साधारण सभामा प्रस्तुत लेखा परिक्षण भएको मिति २०८३।०४।०१ देखि २०८३।०४।३१ सम्मको वासलात, आयव्यय हिसाव र नगद प्रवाह विवरण पारित गर्ने ।
४. मिति २०८३।०४।०१ देखि २०८३।०४।३१ सम्मको लागि लेखा परीक्षक नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन गर्ने ।

**विशेष प्रस्ताव**

१. कम्पनी ऐन २०६३ को दफा १२६(२) तथा कम्पनीको नियमावलीको नियम ४८ बमोजिम अईलीलाई मिति २०८३।०५।२१ देखि पूर्ण रुपमा खारेज गर्ने ।
२. आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको कम्पनीको प्यान PAN तथा कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्राप्त इजाजत पत्र खारेज गर्ने । सो सम्बन्धी कार्य सम्पन्न गर्न लिक्विडेटर श्री सहदेव तिवारीलाई अख्तियार दिने बारे ।
३. विविध ।


## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

आइतबार, ०७ भदौ, २०८३

| | |
|---|---|
| मेष | कामको जिम्मेवारी बढ्न सक्छ । धैर्य र योजनाबद्ध ढंगले अघि बढ्दा राम्रो उपलब्धि हासिल हुनेछ । |
| वृष | नयाँ काम सुरु गर्न अनुकूल समय छ । साथीभाइ तथा सहकर्मीबाट सहयोग प्राप्त हुनेछ । |
| मिथुन | पुराना समस्या समाधान हुनेछन् । आर्थिक लाभको सम्भावना रहे पनि अनावश्यक खर्चबाट जोगिनु राम्रो । |
| कर्कट | यात्राको अवसर मिल्न सक्छ । अध्ययन, रोजगारी वा व्यवसायमा प्रगतिको बाटो खुल्नेछ । |
| सिंह | काममा नयाँ अवसर प्राप्त हुन सक्छ । आर्थिक पक्ष बलियो बन्नेछ, तर खर्चमा नियन्त्रण गर्नु राम्रो । |
| कन्या | रोकिएका काम अघि बढ्नेछन् । परिवारबाट सहयोग मिल्नेछ र मनमा उत्साह बढ्नेछ । |
| तुला | नयाँ व्यक्तिसँगको भेट लाभदायक हुन सक्छ । व्यवसाय तथा रोजगारीमा सकारात्मक परिवर्तनको संकेत छ । |
| वृश्चिक | मेहनतको राम्रो मूल्यांकन हुनेछ । आर्थिक स्थिति सुधारिनुका साथै नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ । |
| धनु | सोचेजस्तो काम पूरा गर्न केही समय लाग्न सक्छ । महत्वपूर्ण निर्णय गर्दा हतार नगर्नु राम्रो । |
| मकर | दिन उत्साहपूर्ण रहनेछ । नयाँ अवसर प्राप्त हुने र आर्थिक पक्षमा सुधार आउने सम्भावना छ । |
| कुम्भ | मेहनतअनुसार राम्रो परिणाम प्राप्त हुनेछ । आर्थिक कारोबार गर्दा सावधानी अपनाउनुहोला । |
| मीन | आत्मविश्वास बढ्नेछ र महत्वपूर्ण काममा सफलता मिल्नेछ । पारिवारिक वातावरण सुखद रहनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०७ भदौ, २०८३ (२३ अगस्ट २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ | १५२.८२ | १५३.४२ |
| युरो | १ | १७८.८३ | १७९.५३ |
| पाउन्ड स्टिर्लङ | १ | २०८.७३ | २०९.५५ |
| स्विस फ्रेन्क | १ | १९१.२३ | १९१.९८ |
| अस्ट्रेलियन डलर | १ | १०९.४६ | १०९.८९ |
| क्यानाडियन डलर | १ | १११.१७ | १११.६१ |
| सिङगापुर डलर | १ | १२०.४५ | १२०.९२ |
| जापानी येन | १० | ९.६४ | ९.६७ |
| चिनियाँ युआन | १ | २२.७४ | २२.८३ |
| साउदी अरब रियाल | १ | ४०.७० | ४०.८६ |
| कतारी रियाल | १ | ४१.९३ | ४२.०९ |
| थाई भाट | १ | ४.६८ | ४.६९ |
| संयुक्त अरब इमिरेट दिराम | १ | ४१.६१ | ४१.७७ |
| मलेसियन रिङेट | १ | ३७.८४ | ३७.९९ |
| दक्षिण कोरियन वन | १०० | ११.०४ | ११.०८ |
| स्विडिस क्रोनर | १ | १६.१५ | १६.२१ |
| डेनिस क्रोनर | १ | २३.९२ | २४.०१ |
| हङकङ डलर | १ | १९.४९ | १९.५७ |
| कुवेती दिनार | १ | ४९८.१९ | ५००.१५ |
| बहराइन दिनार | १ | ४०५.३४ | ४०६.९३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।



**चौतारोमा गफगाफ** | भक्तपुर नगरपालिका–१० कमलविनायकस्थित कमलपोखरीको छेउमा रहेको चौतारोमा बसेर भलाकुसारी गर्दै स्थानीयवासी। धार्मिक तथा ऐतिहासिक महत्त्व बोकेको पोखरी परिसरमा रहेको चौतारोमा बसेर गफिने नेपाली संस्कृति र आत्मीयता यहाँ अझै देख्न सकिन्छ। *तस्बिरः रासस*

# बालिका हत्याको विरोधमा शनिबार पनि वीरगञ्ज–पथलैया सडकखण्ड अवरुद्ध

**वीरगञ्ज–** तीन वर्षीया बालिका गरिमा चौधरीको हत्याको विरोधमा स्थानीयले शनिबार पनि वीरगञ्ज-पथलैया सडकखण्ड अवरुद्ध गरेका छन्।

गरिमालाई न्याय दिलाउन माग गर्दै स्थानीयवासीले शनिबार चौथो दिन वीरगञ्ज-पथलैया सडकको सिमरा खण्डमा टेन्ट टाँगेर धर्ना दिएको प्रहरीले जनाएको छ। यसअघि बिहीबार राति स्थानीय प्रशासन, राजनीतिक दलका प्रतिनिधि तथा जीतपुरसिमरा उपमहानगरपालिकाका जनप्रतिनिधिको उपस्थितिमा आन्दोलनरत पक्षसँग पाँचबुँदे सहमति भए पनि गरिमाको परिवारले उक्त सहमतिमा आफ्नो सहभागिता र सहमति नरहेको भन्दै आन्दोलनलाई निरन्तरता दिँदै आएको छ।

बाराको जीतपुरसिमरा उपमहानगरपालिका-१ भक्तिनगरकी बालिका चौधरी साउन ३१ गते बिहानदेखि सम्पर्कविहीन भएकी थिइन्। खोजीका क्रममा भदौ २ गते आफ्नै घर नजिकैको एक घरमा वीभत्स तथा अमानवीय अवस्थामा शव फेलापरेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले जानकारी दिए।

बालिका चौधरीको बलात्कारपछि हत्या भएको घटनामा संलग्न दोषीलाई कडाभन्दा कडा कारबाही गर्नुपर्ने माग विभिन्न राजनीतिक दल र विभिन्न संघसंस्थाले पनि विरोध गर्दै आएका छन्। *रासस*

## दोषीलाई उम्कन नदिने गृहमन्त्रीको प्रतिबद्धता

**काठमाडौं (प्रस)–** गृहमन्त्री सुधन गुरुङले जघन्य अपराध रोक्न बलियो कानुनी तथा संस्थागत व्यवस्था गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन्। तीन वर्षीया गरिमा चौधरीमाथि भएको जघन्य अपराधले आफूलाई अत्यन्त दुःखी बनाएको बताउँदै उनले घटनामा कानुनले दिन सक्ने अधिकतम न्याय सुनिश्चित गर्न सरकार प्रतिबद्ध रहेको सामाजिक सञ्जालमा लेखेका छन्।

'हाम्रो लक्ष्य एउटा घटनामा दोषीलाई सजाय दिलाउनुमा मात्र सीमित छैन। हाम्रा छोरीहरू डराएर होइन, सुरक्षित भएर बाँच्न सक्ने समाज निर्माण गर्नु हो,' उनले शनिबार लेखेका छन्। गृहमन्त्री गुरुङले विगतका अनुभव र कमजोरीबाट पाठ सिक्दै सरकारले अनुसन्धान प्रक्रिया अघि बढाइसकेको बताएका छन्। आरोपितहरूलाई तत्काल पक्राउ गरिएको र अनुसन्धान जारी रहेको उनले बताएका छन्।

प्रारम्भिक चरणमा प्रहरीबाट लापरबाही भएको भन्ने प्रश्न उठेपछि सम्बन्धित प्रहरी अधिकारीमाथिसमेत छानबिन तथा कारबाहीको प्रक्रिया अघि बढाइएको गृहमन्त्रीले स्पष्ट गरेका छन्।

# निःशुल्क स्वास्थ्य शिविरमा ४०० जनाले लिए स्वास्थ्य सेवा

**काठमाडौं–** 'स्वस्थ नागरिक, समृद्ध समाज' भन्ने नाराका साथ सभामुखको सचिवालय र प्रहरी अस्पतालको समन्वयमा काठमाडौंको नागार्जुन नगरपालिका-७ रामकोटमा पाठेघरको मुखको क्यान्सर तथा स्तन क्यान्सरसम्बन्धी निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ।



शिविरमा सहभागी महिलाहरूको पाठेघरको मुखको क्यान्सर तथा स्तन क्यान्सरसम्बन्धी स्वास्थ्य परीक्षण गरिएको थियो। स्वास्थ्य परीक्षणअन्तर्गत सामान्य स्वास्थ्य जाँचसँगै भिआइए तथा पाप स्मियर परीक्षण गरिएको थियो। पाठेघरको मुखबाट लिइएको नमूना प्रहरी अस्पतालको प्रयोगशालामा परीक्षणका लागि पठाइएको आयोजकले जनाएको छ।

प्रहरी अस्पतालकी प्रहरी वरिष्ठ उपरीक्षक डा. दीपा न्हूच्छे प्रधानले परीक्षणका क्रममा थप उपचार आवश्यक देखिएमा सम्बन्धित बिरामीलाई उच्च तहका स्वास्थ्य संस्थासँग समन्वय गरी आवश्यक उपचार तथा थप परीक्षणको व्यवस्था गरिने बताइन्। उनले स्तनसम्बन्धी स्वास्थ्य परीक्षणसमेत गरिएको र परीक्षणका क्रममा कुनै समस्या देखिएमा आवश्यकताअनुसार थप परीक्षण तथा उपचारका लागि समन्वय गर्ने प्रतिबद्धता जनाइन्।

शिविरमा साँझ ५:०० बजेसम्म स्वास्थ्य परीक्षण सञ्चालन गर्दा करिब ४०० जनाले स्वास्थ्य सेवा लिएको सभामुखकी प्रमुख स्वकीयसचिव मुना कुँवरले जानकारी दिइन्। शिविरमा सहभागीलाई आवश्यक औषधिसमेत निःशुल्क वितरण गरिएको थियो भने थप स्वास्थ्य परीक्षण तथा उपचारका लागि आवश्यक पर्ने अवस्थामा यातायातकोसमेत व्यवस्था गरिएको थियो।

शिविर पुगेर सभामुख डिपी अर्यालले परीक्षणमा सहभागी दिदीबहिनीसँग भेटघाट गरेका थिए। उनले शिविरको स्वास्थ्य परीक्षणको अवस्था तथा सहभागीहरूले प्राप्त गरिरहेको सेवाका विषयमा जानकारी लिएका थिए।

स्वास्थ्य शिविरमा सहभागी महिलाहरूले कार्यक्रम निकै उपलब्धिमूलक र प्रभावकारी भएको प्रतिक्रिया दिएका छन्। प्रारम्भिक चरणमै स्वास्थ्य समस्या पहिचान गर्न तथा आवश्यक परेमा थप उपचारका लागि समयमै पहल गर्न शिविरले महत्त्वपूर्ण सहयोग पुऱ्याएको भन्दै सहभागीहरूले सभामुखको सचिवालय तथा प्रहरी अस्पतालप्रति धन्यवाद व्यक्त गरेका थिए।

महिलामा देखिनसक्ने पाठेघरको मुखको क्यान्सर तथा स्तन क्यान्सरजस्ता स्वास्थ्य समस्याको समयमै पहिचान र उपचारका लागि यस्ता निःशुल्क स्वास्थ्य शिविर प्रभावकारी हुने सहभागीहरूको भनाइ थियो। *रासस*

# स्थानीय विपद् जोखिम तथा जलवायु उत्थानशीलता ढाँचा तयार

**काठमाडौं (प्रस)–** राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (एनडिआरआरएमए)का कार्यकारी प्रमुख डा. धर्मराज उप्रेतीले स्थानीय विपद् जोखिम तथा जलवायु उत्थानशीलतासम्बन्धी ढाँचा तयार भएको जानकारी दिएका छन्।

शुक्रबार जल तथा ऊर्जा आयोगको सचिवालय र जल तथा मौसम विज्ञान विभागको संयुक्त आयोजना तथा विभिन्न संघसंस्थाको सहकार्यमा आयोजित 'सुपर एल निनो र जलवायु जोखिमः नेपालमा जल, खाद्य, ऊर्जा तथा विपद् उत्थानशीलतामा पर्ने प्रभाव' विषयक राष्ट्रिय गोष्ठीको अन्तिमसत्रलाई सम्बोधन गर्दै उनले जलवायुजन्य विपद् प्रतिकार्यका लागि स्थानीय क्षमता अभिवृद्धि गरिने बताए।

'स्थानीय तहको विपद् व्यवस्थापन क्षमता अभिवृद्धिका लागि प्राधिकरणले 'स्थानीय विपद् जोखिम तथा जलवायु उत्थानशीलता ढाँचा तयार गरेको छ। तातो लहरसहित विपद्को जोखिम देखिएसँगै तत्काल कार्यान्वयनमा जान सक्नेगरी विभिन्न मानक सञ्चालन कार्यविधिसमेत तयार गरिएको छ,' उप्रेतीले भने। उनले नेपालले सुक्खा हिउँदको सामना गरिरहेका भन्दै वर्षामा आएको कमीले कृषि, वन, जैविक विविधता तथा माटोको चिस्यानमा असर पार्ने जोखिम बढेको बताए।

उप्रेतीका अनुसार पछिल्लो समय देखिएको महासागरीय तापक्रमको असामान्य अवस्था तथा एल निनोको प्रभावले आगामी हिउँदमा पनि तापक्रम र सुक्खाको जोखिम बढाउन सक्छ। 'यसको प्रत्यक्ष असर गहुँ, मसुरोलगायत हिउँदे बाली, बिरुवा उत्पादन, वन तथा जैविक विविधतामा पर्न सक्छ,' उनले भने, 'सुक्खा हिउँदको प्रभाव खेतमा मात्र सीमित हुँदैन, यसले माटोको चिस्यान, वनस्पति, वन र समग्र पारिस्थितिक प्रणालीमा असर पार्छ।'

जलवायुजन्य जोखिम बढ्दै गएपछि प्राधिकरणले विपद् आएपछि मात्र उद्धार तथा राहतमा केन्द्रित हुने प्रतिक्रियात्मक प्रणालीबाट जोखिम पहिचान गरी पूर्वतयारी गर्ने प्रणालीतर्फ काम गरिरहेको उनले जानकारी दिए। प्राधिकरणले सन् २०२६ मा विपद् जोखिम न्यूनीकरणसम्बन्धी कार्यमुखी ढाँचा तयार गरी स्वीकृत गरिसकेको छ।

उनका अनुसार प्राधिकरणका २४ प्रमुख कार्यमध्ये २० वटा कृषि, जलस्रोत, स्वास्थ्य, ऊर्जा र वनलगायत निकायसँगको समन्वयमा केन्द्रित छन्। नेपालका लागि पूर्वसूचना प्रणालीसम्बन्धी 'रोडम्याप'को मस्यौदा तयार भइसकेका जनाउँदै उक्त मस्यौदा स्वीकृतिको अन्तिम प्रक्रियामा रहेको उनले बताए।

# साहित्य सन्ध्या सम्मान र पुरस्कार प्रदान



**काठमाडौं–** साहित्य सन्ध्याले पाँच स्रस्टा एवं अभियानकर्मीलाई वर्ष २०८२ को पुरस्कार तथा सम्मान शनिबार प्रदान गरेको छ।

काठमाडौंमा आयोजित कार्यक्रममा साहित्यकार एवं पूर्वमन्त्री प्रदीपकुमार ज्ञवाली, पूर्वमन्त्री एवं साहित्यकार शान्ता मानवी, सन्ध्याका अध्यक्ष राम विनयसहितले ती सम्मान र पुरस्कार प्रदान गरेका हुन्।

सो क्रममा दाङकी साहित्यकार डा. बिन्दु शर्माले २१ हजार १०० रूपैयाँ राशिको साहित्य सन्ध्या पुरस्कार तथा सम्मान र ओखलढुंगाका साहित्यकार ओमप्रसाद कोइरालाले पाँच हजार रूपैयाँ राशिको साहित्य सन्ध्या सहभागिता पुरस्कार तथा सम्मान प्राप्त गरे। यस्तै सामाजिक रूपान्तरण अभियानकी अभियन्ता तथा जनप्रतिनिधि सान्नानी मिजारलाई १० हजार रूपैयाँ राशिको साहित्य सन्ध्या-मन पुरस्कार तथा सम्मान प्रदान गरियो।

त्यसैगरी, नुवाकोट स्थायी घर भई हाल भीमसेनगोला माध्यमिक विद्यालयमा कक्षा ९ मा अध्ययनरत जेहेनदार विद्यार्थी लक्ष्मी तामाङलाई १० हजार रूपैयाँ राशिको साहित्य सन्ध्या-कृबा (कृष्णचन्द्र-बालकुमारी सत्याल) पुरस्कार तथा सम्मान प्रदान गरियो।

सोलुखुम्बु स्थायी ठेगाना भई हाल काठमाडौं निवासी नियात्राका गणेशप्रसाद खतिवडालाई १० हजार रूपैयाँ राशिको साहित्य सन्ध्या-हरिप्रिया हरिप्रसाद चापागाईं नियात्रा पुरस्कार तथा सम्मान अर्पण गरियो। पुरस्कार छनोटका लागि प्रा. केशव सुवेदीका संयोजकत्वमा समिति गठन गरिएको संस्थाका उपाध्यक्ष रमेश पोखरेलले जानकारी दिए। वि.सं. २०३९ मा स्थापित साहित्य सन्ध्याले हरेक महिनाको पहिलो शनिबार कविगोष्ठी तथा वैचारिक परिचर्चा कार्यक्रम सञ्चालन गर्दै आएको छ भने स्रस्टाहरूलाई सम्मान र पुरस्कार प्रदान गर्दै आएको छ। *रासस*

# बागमती नदी किनारमा वृक्षरोपण

**काठमाडौं–** 'राष्ट्रका लागि हप्ताको दुई घण्टा स्वयंसेवा' भन्ने नाराका साथ सुरु भएको बागमती सफाइ महाअभियानको ६९३औं हप्ताको सफाइका क्रममा शनिबार विभिन्न जातका ५० वटा बिरुवा रोपिएको छ।

वर्षाको कारण नदीभित्र जमेको फोहोर निकाल्न नसकिने अवस्था भएपछि नदी किनारमा विभिन्न जातका ५० वटा बिरुवा रोपण गरिएको अभियानकर्मी किशोरसिंह शाहीले जानकारी दिए। नदी क्षेत्रको स्वच्छतालाई दीर्घकालीनरूपमा सहयोग पुग्नेगरी पाँच फिटभन्दा अग्ला बिरुवा रोपिएको हो।

शनिबार तिलगंगा आँखा अस्पताल अगाडि बागमती नदी किनारमा रोटरी क्लब अफ काठमाडौं हेरिटेजको नेतृत्वमा वृक्षरोपण गरिएको हो। वृक्षरोपणसँगै यस क्षेत्रमा सफाइ पनि गरिएको उनले बताए। २०७० जेठ ५ गतेदेखि सुरु भएको बागमती सफाइ महाअभियान प्रत्येक शनिबार नियमितरूपमा सञ्चालन हुँदै आएको छ। महाअभियानबाट प्रभावित भएर बागमतीका अन्य सहायक नदीहरूमा पनि सफाइ सुरु भएको छ।

# कामपाले ९२ निजी विद्यालयसँग माग्यो स्पष्टीकरण

**काठमाडौं (प्रस)–** काठमाडौं महानगपालिकाको शिक्षा विभागले विभिन्न ९२ संस्थागत (निजी) विद्यालयको अनुमति वा स्वीकृति रद्दबारे ३५ दिने सूचना जारी गरेको छ।

विभागले महानगर क्षेत्रभित्र प्रचलित कानुनबमोजिम अनुमति वा स्वीकृतिप्राप्त गरी सञ्चालित तर अब अनुमति वा स्वीकृति रद्द गर्नुपर्ने अवस्थामा रहेका संस्थागत विद्यालयलाई ३५ दिनभित्र आवश्यक कागजातसहित विवरण पेस गर्न सूचना जारी गरेको हो।

विभागका प्रमुख नवराज ढकालले शिक्षा ऐन, २०७५ को दफा ३६ बमोजिम विद्यालयको अनुमति वा स्वीकृति रद्द गर्नुपर्ने भएमा सोसम्बन्धी सूचना प्रकाशित गरिएको जनाए। चित्तबुझ्दो जवाफ नआए विद्यालयको अनुमति वा स्वीकृति रद्द गर्ने सम्बन्धमा शिक्षा विभागले आवश्यक प्रक्रिया अघि बढाउने उनले उल्लेख गरे।

यसअघि पनि महानगरपालिकाले दर्ता भएर सञ्चालनमा नरहेका संस्थागत विद्यालयको स्थलगत अनुगमन गरी अनुमति खारेजीको प्रक्रिया अघि बढाउने निर्णय गरेको थियो। नगर शिक्षा समितिको बैठकले कागजमामात्र रहेका तथा यथार्थमा सञ्चालनमा नरहेका संस्थागत विद्यालयको अनुमति खारेज गर्ने प्रक्रिया अघि बढाउने निर्णय गरेको थियो।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०५/०७ गते**

यस कम्पनीको मिति २०८३/०३/११ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **कायस्थ जनरल स्टोर प्रा.लि.**को नाम परिवर्तन गरी **नेपाल हस्पिटालिटी इण्डष्ट्रिज प्रा.लि.(दर्ता नम्बर २९९०४)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०५/०१ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ। साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०५/०७ गते**

यस कम्पनीको मिति २०८३/०४/२७ मा सम्पन्न भएको विशेष साधारण सभाद्वारा यस **के.एण्ड.बि.मेसिनरी वर्कस प्रा.लि.**को नाम परिवर्तन गरी **भालेश्वर महादेव हेभी इक्विपमेन्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि. (दर्ता नम्बर २९९४८०)** कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८३/०५/०२ गतेको निर्णय अनुसार स्वीकृति प्रदान गरिएको छ। साथै साविकको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु पर्ने दायित्व यसै कम्पनीले सकार्ने व्यहोर्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**साउदीमा रोजगार** कम्पनी : MAGICAL COUNTRYSIDE COSMETICS FACTORY COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०५/०५ | LT. No. 346926 | चलानी नं. ६०२६००९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging Worker | 2 | 0 | 1000 | ४०,७४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भदौ १४ गते (30th Aug. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

LIC No. 1082/073/74

NEPAL HR SOLUTION PVT. LTD.
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554, 9852651444
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com

**साउदीमा रोजगार** कम्पनी : KAFBENZ FOUNDATION

पूर्व स्वीकृति मिति : २०८३/०५/०५ | LT. No. 346905 | चलानी नं. ६०२६०११३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Thermal Insulation Worker | 5 | 0 | 1200 | ४८,८९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १४ गते (30th Aug. 2026) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ | Gairigaun - Tinkune, Kathmandu, Nepal, Contact No. 9813048931 (Mazid), E-mail : alkausar.hrm@gmail.com

**कुवेतमा रोजगार** कम्पनी : OUR DAMASCUS KITCHEN FOR LIGHT FOOD COMPANY | शहर : Kuwait
पूर्व स्वीकृत मितिः २०८३/०५/०५ | चलानी नं.: ६०२६००९४ | LT. No.: 346912

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | A COOK | 2 | 2 | सम्बन्धित काममा दक्ष | 160 | ७९,७२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Asst. Cook/Kitchen Helper | 2 | 2 | | 120 | ५९,७९१ | | | | | | | |
| 3. | CLEANER (INDOOR) | 2 | 2 | | 100 | ४९,८२६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ भदौ १४ गते (30 August 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निः शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Gov. Lic No. 1746 /081/82

MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590, 9802390077 | Email: mahainfo59@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### फोहोरको राजनीति र बञ्चरेडाँडाको चीत्कार

**काठमाडौं उपत्यकाको फोहोरमैला व्यवस्थापन दशकौंदेखि ओझेलमा परेको एउटा यस्तो गम्भीर समस्या हो, जसले संघीय राजधानीको सभ्यता र प्रशासनिक क्षमतामाथि नै बारम्बार प्रश्न उठाइरहेको छ । शुक्रबार सहरी विकास मन्त्रालयमा आयोजना गरिएको सरोकारवालाहरूको बैठकमा प्रतिनिधिसभा सदस्य आशिका तामाङ र विभिन्न पालिकाका मेयरहरूबीच भएको चर्काचर्कीले यो विषय कति तनावपूर्ण र संवेदनशील बनिसकेको छ भन्ने प्रस्ट पार्छ । तर, जनप्रतिनिधिहरू एकआपसमा दोषारोपण गर्ने, जिम्मेवारीबाट पन्छिने वा आवेगमा बैठक छाडेर हिंड्ने परिपाटीले समस्याको निकास दिंदैनह यसले नागरिकको सास्तीलाई थप लम्ब्याउनेमात्र काम गर्छ ।**

**सिसडोल र बञ्चरेडाँडाका स्थानीय बासिन्दाले वर्षौंदेखि अरूको फोहोरको भारमात्र बोकेका छैनन्, दुर्गन्ध, प्रदूषण, र विविध स्वास्थ्य जोखिम सहँदै आएका छन् । त्यहाँका प्रभावित जनताले भोगेको यो नियति केवल एउटा भूगोलको पीडा होइन, राज्यको गैरजिम्मेवारीको पराकाष्ठा हो । २०७९ सालमा मन्त्रालय, काठमाडौं महानगरपालिका र प्रभावित क्षेत्रका बासिन्दाबीच भएका सम्झौताहरू अझै पूर्णरूपमा कार्यान्वयन हुन सकेका छैनन् । स्रोतमै फोहोरको वर्गीकरण, लिचेटको वैज्ञानिक प्रशोधन, पूर्वाधार निर्माणलगायतका लागि भएका सम्झौताहरू कार्यान्वयन नहुनु विडम्बनाको कुरा हो । जबसम्म सम्झौताहरू कागजमै सीमित रहन्छन्, तबसम्म प्रभावित क्षेत्रका प्रतिनिधिहरूमा आक्रोश पैदा हुनु स्वाभाविक हो । तर, आक्रोशसँगै समाधानका लागि रचनात्मक दबाब र सहकार्यको मार्ग पहिल्याउनु पनि उत्तिकै आवश्यक छ ।**

**बैठकमा स्थानीय तहका प्रमुखहरूले दर्शाएका कानुनी र व्यावहारिक जटिलताहरू पनि विचारणीय छन् । खासगरी, नेपवेस्ट कम्पनीसँग भएको सम्झौता र त्यससँग जोडिएका अदालती मुद्दाका कारण पालिकाहरूले चाहेर पनि स्वतन्त्ररूपमा फोहोर प्रशोधनका आयोजना अघि बढाउन नसकेको तर्क सुनिन्छ । यदि संघीय सरकार र स्थानीय तह कानुनी उल्झनकै कारण हात बाँधेर बस्ने हो भने दीर्घकालीन समाधान कहिल्यै सम्भव हुँदैन । संघीय सरकारले कानुन र सम्झौताका गाँठाहरू फुकाउन सहजीकरण गर्नुपर्छ भने स्थानीय सरकारहरूले पनि 'मेरो पालिकाको फोहोर मेरो जिम्मेवारी' भन्ने मर्मलाई व्यवहारमा उतार्नुपर्छ ।**

**बञ्चरेडाँडामा हालसम्म एक अर्ब चार करोड रूपैयाँभन्दा बढी पूर्वाधार निर्माणमा खर्च भइसकेको छ । अर्बौंको लगानी र ५३९ हेक्टर क्षेत्रका ८७५ घरपरिवारको प्रत्यक्ष प्रभावित जीवनलाई दाउमा राखेर फोहोरको विसर्जनस्थल मात्र बनाइराख्नु विवेकपूर्ण हुन सक्दैन । प्रस्तुत छलफलमा आगामी चार वर्षभित्र बञ्चरेडाँडामा फोहोर लैजान नपर्नेगरी कार्ययोजना बनाउने, स्रोतमै फोहोर वर्गीकरण गर्ने, र कुहिने फोहोरबाट ऊर्जा वा मल उत्पादन गर्ने विकेन्द्रित मोडलको प्रस्ताव ल्याइनु सकारात्मक कदम हो ।**

**अबको आवश्यकता भनेको दोषारोपणको राजनीति बन्द गरी तीनै तहका सरकार (संघ, प्रदेश र स्थानीय) बीच ठोस समन्वय कायम गर्नु हो । प्रभावित स्थानीयवासीले माग गरेबमोजिम एकधिकार सम्पन्न 'फोहोरमैला विकास प्राधिकरण' गठन गर्ने वा स्थायी संयन्त्र बनाउनेतर्फ गम्भीर हुनुपर्छ । काठमाडौं उपत्यकालाई सफा राख्ने नाममा बञ्चरेडाँडाका बासिन्दालाई नरकीय जीवन जिउन बाध्य पार्ने छुट कसैलाई छैन । बैठककक्षमा गरिने चर्काचर्की र आक्रोशलाई बिर्सेर जनप्रतिनिधिहरूले टेबलमा बसेर दीर्घकालीन, वैज्ञानिक र व्यावहारिक समाधान निकाल्नै पर्छ ।**

## श्रम सरोकार

### विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

#### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

#### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

#### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिंड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

#### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतयाः कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

#### ५) आवश्यक सम्पर्क नम्बर सुरक्षित राखौं

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ । स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ । यसो गर्दा आकस्मिकरूपमा आउने समस्याहरू समाधानमा सहजता हुने छ ।

# पेसा फेरियो, दलन फेरिएन



❑ राजेश विद्रोही

"नेपालको सामाजिक रूपान्तरणको असली परीक्षा दलितलाई पुरानो पेसाबाट मुक्त गरियो कि गरिएन भन्नेमात्र होइन । उनीहरु आफ्नो श्रमको मालिक बने कि बनेनन्, आफ्नो सीपको मूल्य पाए कि पाएनन्, राज्यका अवसरमा बराबरी पुगे कि पुगेनन् र आफ्ना सन्तानले जातभन्दा माथि उठेर जीवनसाथी रोज्दा समाजले स्वीकार गर्‍यो कि गरेन भने हो । किनभने नेपालले अब जातीय पेसाको विगतबाट आर्थिक समानताको भविष्यतर्फ जानुपर्छ । पेसा बदलियो तर जातीय दृष्टि बदलिन सकेन भने त्यो रूपान्तरण होइन, विभेदको नयाँ रूपान्तरणमात्र हो ।

नेपालमा समाजिक विभेदको इतिहास विडम्बनापूर्ण छ । जुन वर्ग, जाति, क्षेत्र, लिंग र समुदायले पुस्तौंदेखि आफ्नो श्रम, सीप र उत्पादनबाट समाजको दैनिक जीवन सञ्चालनमा सहज गरे । आज उनीहरू नै समाजमा सामाजिक सम्मान, सामूहिक अवसर र समानताबाट सबैभन्दा बढी वञ्चित छन् । यतिसम्म कि उनीहरूको परम्परागत पेसा, श्रम र सीप आधुनिक बजारमा मूल्यवान् बन्दै गएपछि त्यसको आर्थिक लाभ कथित उच्च समुदायहरूले लिन थालेका छन् । पेसा फेरिएको छ, प्रविधि फेरिएको छ, बजार फेरिएको छ तर विभेद र विभेद्कारी मानसिकता भने अपेक्षितरूपमा फेरिन सकेको छैन ।

आजको लोकतान्त्रिक समाजमा यसले एउटा गम्भीर प्रश्न र बहस जन्माएको छ । दलित शिल्पी समुदाय आफ्नो पेसा र श्रमबाट मात्र वञ्चित भएका छन् कि आफ्नो पेसा र श्रमको स्वामित्वबाट पनि वञ्चित छन् ? र, अहिलेको आधुनिकताले उनीहरूलाई विभेदबाट मुक्त गर्‍यो कि उनीहरूको परम्परागत पेसा नै खोस्यो ?

जातीय व्यवस्थामा आधारित बलियो नेपाली समाज र यहाँको समाजिक संरचनामा पेसा र जातबीच लामो समयसम्म गहिरो सम्बन्ध छ । कामका आधारमा समुदायहरूलाई वर्गीकृत गरियो र त्यसलाई जन्म र मृत्युसँग जोडेर पुस्तान्तरण गरियो । पहाडमा कामी, दमाई, सार्की, गाइनेलगायत समुदायका परम्परागत जातीय सीप र श्रम समाजका लागि अपरिहार्य थिए । कामी लोहार तथा धातुका काममा, दमाई कपडा सिलाउने र बाजा बजाउने काममा तथा सार्की छाला र जुत्ता बनाउने काममा परिचित थिए ।

यस्तै, मधेसमा पनि डोम, दुसाध, चमार, मुसहर, बाँतर, खत्वे, धोवीलगायत समुदायलाई जातिगत पेसाका आधारमा वर्गीकृत गरियो । चमारले छाला, जुत्ता तथा बाजागाजाको काम गर्थे । दुसाधले नाचगानलगायतका काम गर्थे । मुसहर र बाँतरले माटो तथा श्रमसँग सम्बन्धित काम गर्थे । धोवीले कपडा धुने काम गर्थे । डोमले बाँसका सामग्री बनाउनेदेखि मृतकको शव जलाउनेसम्मका काम गर्थे । यस्ता विभिन्न अध्ययन तथा अनुसन्धानहरूले पनि यी समुदायका परम्परागत पेसा जातीय संरचनासँग जोडिएको र उनीहरू श्रम गरे पनि सामाजिकरूपमा न्यून दर्जामा राखिएको देखाएका छन् । अर्थात्, उनीहरूको श्रम समाजका लागि आवश्यक थियो । तर उनीहरूको सामाजिक हैसियत स्वीकार्य थिएन । यही नै नेपाली जातीय वर्ण व्यवस्थाको सबैभन्दा ठूलो विरोधाभास हो ।

कपडा सिलाउने दमाई चाहिन्थ्यो तर उसलाई घरभित्र प्रवेश गर्ने अधिकार थिएन । हलो, कोदालो, हँसिया र कृषि औजार बनाउने कामी चाहिन्थे तर उसले छोएको पानी अशुद्ध मानिन्थ्यो । जुत्ता बनाउने चमार र सार्की चाहिन्थे तर उनीहरूलाई सामाजिकरूपमा अछूत बनाइन्थ्यो । उनीहरूले बनाएका वस्तु प्रयोग गर्न हुन्थ्यो तर उनीहरूले समान नागरिकको व्यवहार पाउँदैनथ्यो । यो केवल सामाजिक अपमानमात्र थिएन, यो श्रम र श्रमिकमाथिको कठोर तथा अमानवीय संरचनात्मक नियन्त्रण पनि थियो ।

## श्रम थियो, मूल्य थिएन

परम्परागत ग्रामीण अर्थतन्त्रमा 'बालीघरे' जस्ता व्यवस्थाले दलित शिल्पी समुदाय र गैरदलित परिवारबीच आर्थिक सम्बन्ध बनाएको थियो । तर त्यो सम्बन्ध बराबरीको आर्थिक कारोबार थिएन । एकातिर सेवा र सीप थियो, अर्कोतिर आश्रय र निर्भरता । अनुसन्धानहरूले बालीघरे तथा हलीजस्ता व्यवस्थालाई नगदविहीन, असमान संरचनासँग जोडेर हेरेका छन्, जहाँ दलित समुदायले आफ्नो श्रमको उचित आर्थिक मूल्य पाउन कठिन थियो र भूमिस्वामित्वमा पनि उनीहरू पछाडि थिए ।

यतिसम्म कि श्रमिकसँग आफ्नो श्रमको उचित मूल्य निर्धारण गर्ने अधिकार समेत थिएन । उनीहरू उत्पादन गर्थे, तर त्यसको मूल्य कथित उच्च समुदायका मालिकले निर्धारण गर्थे । उनीहरू सेवा गर्थे, तर सामाजिक प्रतिष्ठा पाउँदैनथे । उनीहरूले सीप पुस्तान्तरण गर्थे, तर त्यो सीपलाई औपचारिक ज्ञानको मान्यता दिइएन । उनीहरू सीपले समाजलाई चलाए, तर समाजको नेतृत्व गर्ने अवसर पाएनन् । यही कारणले दलित शिल्पी समुदायको इतिहास केवल गरिबीको इतिहास मात्र होइन्, यो श्रमको अवमूल्यन र सामाजिक बहिष्करणको इतिहास पनि हो ।

## पेसा बदलियो तर स्वामित्व आएन

समय बदलियो । गाउँको परम्परागत अर्थतन्त्र विस्तारै बजार अर्थतन्त्रमा बदलियो । हातले बनाउने वस्तुको स्थान मेसिनले लिन थाल्यो । सिलाइ व्यवसाय उद्योगमा बदलियो । फलामका औजार कारखानामा उत्पादन हुन थाले । छालाका सामग्री उद्योग र ब्राण्डमा परिणत भए । संगीत र बाजागाजाको क्षेत्र व्यावसायिक भयो । जुन सीपलाई पुस्तौंसम्म दलित शिल्पी समुदायले जोगायो, आज त्यही उत्पादन आधुनिक बजारमा फेरिएपछि त्यसको व्यावसायिक मूल्य पनि बढ्यो । तर त्यसको स्वामित्व र लाभ भने दलित शिल्पी समुदायले पाउन सकेन । अर्थात् पेसा फेरियो तर दलन फेरिएन । युगसापेक्ष विभेद पुस्तान्तरण भयो ।

एक समय 'तल्लो जातको काम' भनेर हेपिएका पेसाहरू आज व्यवसाय, उद्योग र उद्यमका रूपमा स्थापित भइरहेका छन् । जुत्ता बनाउने काम 'सार्कीको काम' मात्र रहेन, त्यो ठूलो बजार भएको व्यवसाय बन्यो । कपडा सिलाउने काम 'दमाईको पेसा' मात्र रहेन, फेसन उद्योग बन्यो । धातु तथा हस्तकलाको काम 'कामीको काम' मात्र रहेन, उद्योग र कलाका रूपमा स्थापित भयो । बाजागाजा तथा नाटचकलाको काम 'सार्की र चमारको काम'मात्र रहेन, आधुनिकीकरण भयो । तर विडम्बना के छ भने पेसा आधुनिक भयो तर पेसा गर्ने व्यक्ति आधुनिक समानतामा पुगेन । यसले आजको आधुनिक समाजलाई झन गम्भीर मोडमा पुर्‍याएको छ । दलित शिल्पी समुदाय आफ्नो पेसा श्रमबाट वञ्चित भयो तर विभेदबाट वञ्चित हुन सकेको छैन ।

## तथ्यांकले बोलेको असमानता

राष्ट्रिय जनगणना २०७८ ले नेपालमा पहाडी दलितको जनसंख्या २५ लाख छ हजार ६१२ अर्थात् ८.५९ प्रतिशत र मधेसी दलितको जनसंख्या १३ लाख ९२ हजार ३७८ अर्थात् ४.७८ प्रतिशत देखाएको छ । अर्थात् यी दुई समूह जोड्दा दलित जनसंख्या ३८ लाख ९८ हजार ९९० पुग्छ । विश्वकर्मा १४ लाख ७० हजार १०, परियार ५ लाख ६५ हजार ९३२ र मिजार चार लाख ५२ हजार २२९ जनसंख्याका ठूला पहाडी दलित समुदाय हुन् । तराईतर्फ चमार/हरिजन/राम तीन लाख ९३ हजार २५५, मुसहर दुई लाख ६४ हजार ९७४ र दुसाध/पसवान/पासी दुई लाख ५० हजार ९७७ जनसंख्या भएका प्रमुख समुदाय हुन् । उनीहरूको बाक्लो जनसंख्या हुनु तर राज्य अवसरमा उनीहरूको समान पहुँच हुन नसक्नु अदृश्य विभेदको ठूलो लोकतान्त्रिकीकरण भएको छ ।

राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदनले पनि दलित समुदायको जनसंख्याको आधारमा राज्य संयन्त्रमा सम्मान प्रतिनिधित्व निकै कम रहेको उल्लेख छ । उक्त प्रतिवेदनअनुसार निजामती सेवामा दलित प्रतिनिधित्व करिब दुई प्रतिशत, नेपाल प्रहरीमा नौ प्रतिशत, नेपाली सेनामा आठ प्रतिशत र न्यायपालिकामा एक प्रतिशतमात्र रहेको छ । सोही प्रतिवेदनमा कोभिड-१९ को समयमा अभिलेख भएका दलित मानवअधिकार उल्लंघनका घटनामध्ये ३१ प्रतिशत जातीय विभेदसँग सम्बन्धित रहेको छ । यसले के देखाउँछ भने समस्या केवल 'पुरानो पेसा' को होइन ।

समस्या सम्मान अवसर, स्रोत, शिक्षा, रोजगारी, प्रतिनिधित्व र सामाजिक न्याय र सम्मानमा ठूलो को छ भन्ने हो । यतिसम्म कि एक समय समाज र राज्यका शासकहरूले शिक्षा र सम्पत्ति राख्न नपाउने अधिकारसमेत खोसिँदा यसको मार आजसम्म यो समुदाय भोग्न विवश छन् । तर अझै पनि तिनका आजका पुस्ताले भन्दै छन्, दलित शिल्पी समुदायले सबै कुरा पाइसक्यो । अगाडि बढ्न कसले र केले रोकेको छ भनेर । पुस्तौंसम्म ढाड भाँच्नेगरी सामाजिक, आर्थिक, राजनीतिक र अमानवीय विभेदको जाँतोमा पिल्सियो तर आज पनि उस्तै भनिँदै छन् । झारा टारिरहेका छन् ।

## कानुन फेरियो तर मानसिकता फेरिएन

नेपालको संविधानले जातीय आधारमा हुने सबैखाले विभेद र छुवाछूतलाई निषेध गरेको छ । जात, जाति, समुदाय वा पेसाका आधारमा हुने विभेद कानुनीरूपमा निषेध गरिएको छ । छुवाछूत तथा भेदभाव (कसूर र सजाय) ऐन, २०६८ ले सार्वजनिक तथा निजी जीवनमा जातीय आधारमा गरिने छुवाछूत, बहिष्कार र विभेदलाई दण्डनीय बनाएको छ । तर कानुन बन्नु र सामाजिक चेतना बदलिनु एउटै कुरा होइन ।

राष्ट्रिय मानवअधिकार आयोगकै पुरानो अध्ययनले पीडितहरू आर्थिक निर्भरता, सामाजिक दबाब र चेतनाको अभावका कारण विभेदका घटना उजुरी गर्न हिच्किचाउने गरेको देखाएको छ । आयोगले यसलाई विभेदबाट वञ्चिती र वञ्चितीबाट पुनः विभेद पैदा हुने चक्रका रूपमा औंल्याएका छन् । अर्थात् विभेद केवल एउटा व्यक्तिको व्यवहार होइन, यो आर्थिक निर्भरता, सामाजिक सम्बन्ध, विवाह, शिक्षा, रोजगारी, सहभोज, धार्मिकस्थलमा सामूहिक प्रवेश र राजनीतिक शक्तिसँग गाँसिएको संरचनात्मक समस्या हो ।


## जातीय पेसा होइन, अधिकार

दलित शिल्पी समुदायलाई फेरि पुरानै जातीय पेसामा फर्काउने होइन । आधुनिक समाजले सबै पेसालाई खुला, सम्मानित र बजारमुखी बनाउनुपर्छ । कामीको सीप केवल 'कामीको काम' होइन, त्यो आधुनिक धातु उद्योग, इञ्जिनियरिङ र हस्तकलाको आधार बन्न सक्छ । दमाईको सिलाइ सीप फेसन उद्योग र उद्यमशीलतासँग जोडिन सक्छ । सार्की र चमारको छाला प्रशोधन र जुत्ता निर्माणको ज्ञान आधुनिक उद्योगमा रूपान्तरण हुन सक्छ । तर त्यसका लागि राज्यले केवल आरक्षणको संख्या गन्ने होइन, सीप, पुँजी, प्रविधि, बजार र स्वामित्वमा पनि पहुँच सुनिश्चित गर्नुपर्छ । परम्परागत सीपको दस्तावेजीकरण, प्राविधिक शिक्षा, सहुलियतपूर्ण ऋण, उत्पादनमा सहकारी वा सामुदायिक स्वामित्व, ब्राण्ड निर्माण, बजार पहुँच र सरकारी खरिदमा प्राथमिकता जस्ता कार्यक्रम आवश्यक छन् । परम्परागत शिल्पलाई 'गरिबको पेसा' होइन, राष्ट्रिय उत्पादन र सांस्कृतिक सम्पदाका रूपमा पुनःपरिभाषित गर्नुपर्छ र विभेदलाई व्यवहारमै न्यूनीकरण गर्दै जानुपर्छ ।

सबैभन्दा महत्त्वपूर्ण कुरा के छ भने श्रमको सम्मान र श्रमिकको सम्मानलाई अलग गर्न मिल्दैन । जुन हातले समाजका लागि जुत्ता बनायो, त्यस हातलाई अपमान गरेर जुत्ताको मूल्य बढाउन सकिँदैन । जुन हातले औजार बनायो, त्यस हातलाई अछूत बनाएर आधुनिक उद्योगको गौरव गर्न सकिँदैन । जुन हातले कपडा सिलायो, त्यस हातलाई जातका आधारमा तल राखेर फेसन उद्योगको आधुनिकता पूरा हुँदैन । जुन श्रम र पसिनाले जंगल फाँडेर जमिन बनायो, उनीहरूलाई भूमिहीन सुकुम्बासी बनाउनु हुँदैन ।

नेपालको सामाजिक रूपान्तरणको असली परीक्षा दलितलाई पुरानो पेसाबाट मुक्त गरियो कि गरिएन भन्नेमात्र होइन । उनीहरू आफ्नो श्रमको मालिक बने कि बनेनन्, आफ्नो सीपको मूल्य पाए कि पाएनन्, राज्यका अवसरमा बराबरी पुगे कि पुगेनन् र आफ्ना सन्तानले जातभन्दा माथि उठेर जीवनसाथी रोज्दा समाजले स्वीकार गर्‍यो कि गरेन भने हो । किनभने नेपालले अब जातीय पेसाको विगतबाट आर्थिक समानताको भविष्यतर्फ जानुपर्छ । पेसा बदलियो तर जातीय दृष्टि बदलिन सकेन भने त्यो रूपान्तरण होइन, विभेदको नयाँ रूपान्तरणमात्र हो ।

त्यसैले आजको सबैभन्दा असहज तर निर्णायक प्रश्न भनेको दलित शिल्पी समुदायको पेसालाई व्यावसायिकरूपमा आधुनिकीकरण त गरियो, तर उनीहरूलाई अमानवीय विभेदबाट मुक्त गरेर उनीहरूको जीवनलाई आधुनिकीकरण किन गर्न सकिएन ? आफूसरह किन समाजमा सामाजिक हैसियत निर्माण गर्न सकिएन ? *रासस*





**अतिक्रमित संरचना हटाइँदै** | धुषाको जनकपुरधाम उपमहानगरपालिका–६, पेठिया बजार नजिक गोरधोइ पोदरी डिलमा अतिक्रमित गरी निर्माण गरिएको संरचना डोजरको सहायताले हटाइँदै । *तस्बिरः रासस*

# पहिरोले घर जोखिममा, पानी पर्नासाथ छिमेकीको घरमा बास

**बैतडी–** बैतडीको सुर्नया गाउँपालिका–८ रातापानीकी मीना बोहरा पानी पर्न थालेपछि चिन्तित हुन्छिन् । 'गत साउन २६ गते गएको पहिरोले खेतीयोग्य जमिनमा क्षति पुर्‍यायो नै । पहिरो लगातार गैरहेकाले घर पनि जोखिममा परेको छ । पानी पर्न सुरु हुनेबित्तिकै छिमेकीको घरमा बास खोज्न जानुपर्छ । निरन्तरको पहिरोले त्रसित बनाएको छ,' मीनाले भनिन् ।

मीनाको जस्तै पिरले सताउने गरेको रातापानीकै भुवनलाई पनि । 'शौचालय र भान्सा घरमा क्षतिमा पुर्‍याएको छ । पहिरो घरमा कतिखेर पस्ने थाहा छैन,' भुवनले भने, 'डराइ-डराइ बस्नुपरेको छ । पानी पर्न थालेपछि छिमेकीको घरमा बास खोज्न जानुपर्छ ।'

गत साउन २६ गते गएको पहिरोका कारण रातापानी टोलका सात घर उच्च जोखिममा परेका छन् । स्थानीय रामसिंह बोहरा, धनुवा बोहरा, मिना बोहरा, गम्भिरसिंह बोहरा, उदयसिंह बोहरा, चक्र बोहरा र कृष्ण बोहराको परिवार उच्च जोखिममा रहेको छ । लगातारको पहिरोका कारण गाउँ नै त्रासमा रहेको स्थानीय लालबहादुर बोहराले बताए । पानी परेको समयमा घर छोडेर छिमेकीको घरमा जाने गरेको उनले जानकारी दिए ।

'वि.सं. २०७८ देखि पहिरो जान थालेको हो । त्यसपछि लगातार पहिरो खसिरहेको छ,' उनले भने, 'पटक-पटक पहिरोको दीर्घकालीन रोकथामका लागि सम्बन्धित निकायसँगै माग गर्दै आएको भए पनि कुनै सुनुवाइ भएन । अहिले पहिरोको जोखिम बढ्दै गएको छ ।'

स्थानीयले पहिरो जोखिम कायमै रहेकाले बस्ती नै सार्नुपर्ने माग गरेका छन् । 'घरमाथिको सबै जमिन चर्किएको छ । खानेपानीको पनि समस्या छ । बालबालिकालाई विद्यालय जान बाटो छैन,' पहिरोको जोखिममा रहेका कृष्ण बोहराले भने, 'दीर्घकालीन समस्याको समाधानका लागि बस्ती नै सार्न सके राम्रो हुन्थ्यो ।'

### ४० रोपनी बढी खेतीयोग्य जमिनमा क्षति

स्थानीय गम्भिर बोहराले लगातारको पहिरोका कारण आफ्नोमात्रै करिब १५ रोपनी बढी खेतीयोग्य जमिनमा क्षति पुर्‍याएको बताए । 'पहिरोले मकै बाली लगाएको सबै खेतीयोग्य जमिन बगायो । घर पनि जोखिममा छ । अब जाने काँ ?,' बोहराले आँखाबाट आशु झार्दै भने ।

बाँकी जमिन पनि चर्किएकाले थप क्षति हुन सक्ने स्थानीयले बताएका छन् । सुर्नया गाउँपालिका–८ वडाअध्यक्ष भानबहादुर बोहराले ४० रोपनीबढी मकैबाली लगाएको खेतीयोग्य जमिनमा क्षति पुर्‍याएको बताए । सो क्षेत्रमामात्रै ४० रोपनी बढी खेतीयोग्य जमिनमा पहिरोले क्षति पुर्‍याएको उनले जानकारी दिए ।

### प्रजिअसहितको टोलीद्वारा स्थलगत निरीक्षण

शुक्रबार बैतडीकी प्रमुख जिल्ला अधिकारी मीना अर्यालको नेतृत्वमा पहिरो प्रभावित क्षेत्रको स्थलगत निरीक्षण गरिएको छ । सो क्षेत्रको निरीक्षणका क्रममा प्रमुख जिल्ला अधिकारी अर्यालले प्रभावित परिवारलाई अर्को स्थानमा स्थानान्तरणको आवश्यकता रहेको बताइन् । बस्ती स्थानान्तरणका लागि टेन्ट तथा त्रिपाल लगायतका सामग्रीलगायतका जोहो गर्नुपर्ने भएकाले यसका लागि सरोकारवाला निकायसँग समन्वय भइरहेको उनले बताइन् ।

'पहिरो प्रभावित क्षेत्रमा अवरुद्ध विद्युत् सेवा सुचारु भइसकेकाले खानेपानीको समस्या समाधानका लागि निर्देशन दिसकेका छौं,' प्रजिअ अर्यालले भनिन् । पहिरोले बाटोसमेत बगाएकाले विद्यार्थीलाई आधा घण्टाको दूरीमा रहेको विद्यालय पुग्न डेढ घण्टा लाग्ने छ । *रासस*

# बाजुराका दुई स्थानीय तहले सञ्चालनमा ल्याए आधारभूत अस्पताल



**बाजुरा–** बाजुराका नौ स्थानीय तहमध्ये दुई पालिकाले १० शयचाका आधारभूत अस्पताल सञ्चालनमा ल्याएका छन् । पर्याप्त जनशक्ति र औषधि उपकरणको अभावकाबीच पनि जिल्लाको जगन्नाथ र गौमुल गाउँपालिकाले अस्पताल सञ्चालनमा ल्याएका हुन् ।

गौमुल गाउँपालिकाले यही भदौ ३ गतेदेखि अस्पताल सञ्चालन गरेको हो । जगन्नाथ गाउँपालिकाले २०८० चैतदेखि अस्पताल सञ्चालन गर्दै आएको छ । स्वास्थ्य सेवाबाट पछाडि परेका नागरिकलाई सहजरूपमा स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले सरकारले देशभर २०७७ सालमा 'एक स्थानीय तह, एक अस्पताल' निर्माणको योजना अघि सारेको थियो ।

जगन्नाथ गाउँपालिकाको केन्द्र जुड्डीमा निर्माण भएको १० शयचाको अस्पताल ११ करोड ७८ लाख ४५ हजार रूपैयाँको लागतमा निर्माण भएको हो । गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत रवीन्द्रबहादुर शाहीका अनुसार अस्पताल सञ्चालन भए पनि केही जनशक्ति र उपकरणको अभाव छ । उनका अनुसार २०८२ चैतदेखि एक मेडिकल अधिकृतको पद रिक्त रहेकाले गाउँपालिकाले तत्काल विज्ञापन गर्ने निर्णय गरेको छ ।

गौमुल गाउँपालिकाले १० शयचाको आधारभूत अस्पताल निर्माण सम्पन्न भएको करिब डेढ वर्षपछि सञ्चालनमा ल्याएको हो । गाउँपालिका अध्यक्ष हरिबहादुर रोकायाले बुधबार अस्पतालको औपचारिक उद्घाटन गर्दै सेवा सुरु गरेका हुन् ।

अस्पताल निर्माण सम्पन्न भए पनि विद्युत् सेवा, औषधि तथा उपकरण र जनशक्ति व्यवस्थापनमा केही ढिलाइ हुँदा सञ्चालनमा ल्याउन समय लागेको गाउँपालिका अध्यक्ष रोकायाले बताए । अहिले आवश्यक पूर्वाधार र जनशक्ति व्यवस्थापन गरी सीमित स्वास्थ्य सेवा सुरु गरिएको उनले जानकारी दिए ।

अस्पतालमा मेडिकल अधिकृतसहित २२ जना कर्मचारी रहने व्यवस्था गरिएको छ । तत्काल चिकित्सक उपलब्ध हुन नसकेपछि उपलब्ध जनशक्तिबाट सेवा सुरु गरिएको अध्यक्ष रोकायाले बताए । उनले भने, 'अब आवश्यक जनशक्ति, औषधि र उपकरणको व्यवस्था गरेर नागरिकलाई सहज र गुणस्तरीय स्वास्थ्य सेवा दिने तयारीमा छौं ।'

गाउँपालिकाकी उपाध्यक्ष सीता थापाले अस्पताल सञ्चालनमा आएपछि स्थानीयवासीले आफ्नै पालिकामा स्वास्थ्य सेवा पाउने वातावरण बनेको बताइन् । यसअघि सामान्य स्वास्थ्यचौकीबाट उपलब्ध हुने सीमित सेवामा निर्भर स्थानीयवासीले अब थप स्वास्थ्य सेवा आफ्नै पालिकाबाट पाउने अपेक्षा गरेका छन् ।

आधारभूत अस्पताल सञ्चालनमा आएपछि गौमुलवासीले सामान्य जाँच तथा उपचारका लागि सदरमुकाम मार्तडी वा धनगढी जानुपर्ने बाध्यता कम हुने अपेक्षा गरिएको छ । जिल्लाका दुई गाउँपालिकाले आधारभूत अस्पताल निर्माण गरी सञ्चालनमा ल्याए पनि अन्य पालिकाले भने अझै सञ्चालनमा ल्याउन सकेका छैनन् । जिल्ला सदरमुकाम मार्तडीस्थित बडीमालिका नगरपालिकाले वडा नं ७ चुथीमा १० शयचाको अस्पताल निर्माण सम्पन्न गरी सञ्चालनको तयारी गरिरहेको नगरप्रमुख अमरबहादुर खड्काले बताए । त्यस्तै, बुढीगंगामा १५ शयचाको अस्पताल निर्माणको काम पाँच वर्षदेखि अलपत्र छ भने अन्य पालिकामा पनि अस्पताल निर्माणाधीन अवस्थामा छन् । *रासस*

## तेमाल बृहत् खानेपानी आयोजना

# पाँच वर्ष लम्बियो, अझै अनिश्चित

**काभ्रेपलाञ्चोक–** ११ वर्ष पूरा हुँदासम्म तेमाल बृहत् खानेपानी आयोजना निर्माण पूरा हुन सकेन । आयोजना २०७२ असार महिनामा सम्झौता भई २०७८ मंसिरमा सक्ने लक्ष्य थियो ।

काभ्रेपलाञ्चोकको तेमाल क्षेत्रका ५५ हजार स्थानीयलाई स्वच्छ खानेपानी छ वर्षमा घरघरमा पुर्‍याउने लक्ष्य राखिए पनि विविध कारणले हालसम्म निर्माण पूरा हुन नसक्दा स्थानीयवासी निराश भएका छन् । उपभोक्ता समितिका अध्यक्ष संग्रामजित लामाले लिफि्टङ प्रविधिको उक्त आयोजना बजेट अभावका कारण पूरा हुन नसकेको बताए । तोकिएको मितिमै खानेपानी आयोजनाको कामसक्ने लक्ष्य लिइए पनि कोभिड र प्राकृतिक प्रकोपका कारण आयोजनाको काम लम्बिँदै गएको हो ।

'ठेकेदार कम्पनीले पनि भुक्तानी नपाएको भन्दै गत वर्ष आयोजनाको काम गरेन,' लामाले भने । तेमाल बृहत् खानेपानी आयोजनाको काम 'कालिका-सिएबी जेभी' नामक निर्माण कम्पनीले ठेक्का लिएको थियो । खानेपानी मन्त्रालयबाट गत आर्थिक वर्षमा करिब पाँच करोड रूपैयाँ भुक्तानी नपाएको जनाउँदै कम्पनीले निर्माणको काममा आलटाल गरेको लामाको भनाइ छ । उनका अनुसार भुक्तानी नपाएपछि आयोजनाका जिम्मेवार व्यक्तिले सम्पन्न गर्नेतर्फ आलटाल गर्दा समय लम्बिएको हो ।

तेमालको वडा नं ५, २ र ९ मा सडकलगायत भौतिक पूर्वाधार निर्माण गर्दा क्षति पुगेको छ भने मुख्य मुहान क्षेत्रमा पानीको स्रोत संरक्षणको काम भइरहेको छ । २०८१ असोजको बाढीपहिरोले आयोजनालाई क्षति पुर्‍याएपछि अधिकांश स्थानका पाइपलाइन, बिजुलीको ट्रान्सफर्मर तथा खम्बा पुनर्निर्माणको काम बाँकी रहेको छ ।

आयोजनालाई कोरोना, सुनकोसीको बाढीले मुहानमा क्षति पुर्‍याउँदा आयोजना करिब एक वर्ष लम्बिएको हो । हाल करिब ९९ प्रतिशत काम सकिए पनि क्षतिग्रस्त संरचना पुनर्निर्माणको चरणमै रहेको लामाले बताए । उनका अनुसार मुहानलाई थप सुरक्षित गरी पुरानै अवस्थामा फर्काएर पानी प्रशोधनको काम भइरहेको छ भने तीन हजार उपभोक्तालाई घरमा पानी पुर्‍याइसकिएको छ ।

उनका अनुसार २३ टयांकीमा पानी परीक्षण भइसकेको छ भने मेनलाइन र शाखा लाइनमा पाइप विछ्याउने तथा घरघरमा धाराका सामग्री वितरणकार्य भइरहेको छ । साथै, प्रशोधन केन्द्रदेखि वितरण टयांकीसम्मको पाइपमा पानी परीक्षण भइसकेको छ ।

उक्त आयोजनाले नमोबुद्ध नगरपालिका–५ कोटतेमाल र कालीमाटीका करिब ९०० घर तथा रोशी गाउँपालिका–७ कटुञ्जेस्थित ११० घरपरिवार समेटिएका छन् । तेमाल क्षेत्रका नौ हजार ३१० परिवारका करिब ५५ हजारका लागि खानेपानी आयोजना सञ्चालन निर्माण थालिएको हो ।

पाइपको मेनलाइनअन्तर्गत ५० किलोमिटर उपभोक्ताले खाल्डो खनेर विछ्याउनुपर्ने सम्झौताअनुसार काम भएको छ । आयोजनाका लागि पाँच करोड रूपैयाँबराबरको जनश्रमदान भएको लामाले बताए । याङ्बेल डाँडामा आयोजनाको चार लाख लिटर क्षमताका दुई मुख्य टयांकी निर्माण गरिएको छ । आयोजनाको छुट भएका केही निर्माणको काम गर्न संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाबाट २०८१ पुसमा १० करोड ३४ लाख ४१ हजार रूपैयाँ उपलब्ध भएपछि थप निर्माणको काम भएको थियो । हाल आयोजना सम्पन्न गरेर औपचारिकरूपमा हस्तान्तरण गर्न आयोजना तथा ठेकेदारले बेवास्ता गरेको स्थानीयको आरोप छ । आयोजना सम्पन्न गर्न अझै ४६ करोड रूपैयाँ लाग्ने अनुमान गरिएको छ । लिफि्टङ प्रविधिको उक्त आयोजनाको मुहान सुनकोशी नदी किनारमा छ । *रासस*

# मतदाता नामावली शुद्धीकरण गर्दै जिल्ला निर्वाचन कार्यालय

**नारायणगढ (चितवन)–** जिल्ला निर्वाचन कार्यालय चितवनले मतदाता नामावलीलाई शुद्ध, अद्यावधिक, विश्वसनीय तथा वस्तुगत बनाउन नामावली शुद्धीकरणको कामलाई तीव्रता दिएको छ । कार्यालयका प्रमुख भीमसेन कार्कीका अनुसार पछिल्लो निर्वाचनमा चितवनमा चार लाख ४२ हजार ८२ मतदाता रहेकामा ती मतदाताको विवरण अद्यावधिक गर्ने काम भइरहेको हो ।

विशेषगरी मृत्यु भएका मतदाताको नाम हटाउनेलगायत विवरण शुद्धीकरण गर्नुपर्ने भएकाले कार्यालयले भरतपुर महानगरपालिकाबाट काम सुरु गरेको कार्कीले बताए । उनका अनुसार कार्यालय रहेको वडा १० बाट सुरु गरिएको शुद्धीकरण कार्यक्रमअनुसार भरतपुर महानगरपालिकाका २९ वटै वडामा क्रमशः काम गरिने छ । त्यसपछि अन्य पालिकामा शुद्धीकरणको काम गरिने कार्कीले बताए ।

गत साउन २५ गतेदेखि कार्यालयले वडा-वडामा मतदाता नामावली पठाएर शुद्धीकरणको काम सुरु गरिएको प्रमुख कार्कीले बताए । उनका अनुसार वडा कार्यालयले घटना दर्ता किताबमा रहेको विवरणसँग मतदाता नामावली रुजु गरी मृत्यु भएका व्यक्तिको हकमा मतदाता परिचयपत्र नम्बरसमेत उल्लेख गरेर विवरण पठाउने व्यवस्था गरिएको छ ।

भरतपुर महानगरपालिकाका सबै वडाबाट यही भदौ १० गतेसम्म विवरण माग गरिने र १५ गतेभित्र महानगरपालिकाको मतदाता नामावली शुद्धीकरणको काम सम्पन्न गरिने उनले बताए । आगामी असोज २ गतेदेखि जिल्लाका अन्य स्थानीय तहमा मतदाता नामावली शुद्धीकरणको काम सुरु गरिने कार्कीले जानकारी दिए ।

मृत्यु भएका परिवारका सदस्य वा आफन्तले मृत्यु दर्ता प्रमाणपत्रसहित जिल्ला निर्वाचन कार्यालयमा आएर जानकारी गराई मतदाता नामावली अद्यावधिकमा सहयोग गर्न प्रमुख कार्कीले सबैमा आग्रह गरे । राष्ट्रिय परिचयपत्र प्राप्त गरेका नागरिकले परिचयपत्रको विवरणका आधारमा मतदाता नामावलीमा दर्ता गर्न सक्ने व्यवस्था गरिएको उनले बताए ।

राष्ट्रिय परिचयपत्र नभएका नागरिकले निर्वाचन आयोगको प्रणालीमार्फत अनलाइन फारम भरी जैविक विवरणका लागि जिल्ला निर्वाचन कार्यालयमा उपस्थित हुनुपर्ने उनले बताए । मतदाता नामावलीमा रहेका नाम, थर, ठेगानालगायत त्रुटि सच्याउने, आफूलाई पायक पर्ने मतदानस्थल परिवर्तन गर्ने, दोहोरो नाम हटाउने तथा मृत्यु वा बसाइँसराइका कारण विवरण अद्यावधिक गर्नुपर्ने भएमा अनलाइनमार्फत आवेदन दिन सकिने उनले जानकारी दिए ।

यसैगरी, पछिल्लो निर्वाचनयता चितवनमा छ हजार ७७५ जना नयाँ मतदाता थपिएको प्रमुख कार्कीले जानकारी दिए । *रासस*

# 'भूमिसम्बन्धी समस्या समाधान सरकारको उच्च प्राथमिकतामा'



■ **प्रभाव संवाददाता**

**सुदूरपश्चिम–** भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले भूमिसम्बन्धी समस्या समाधान सरकारको उच्च प्राथमिकतामा रहेकाले सोहीअनुसार स्थानीय तहले सहयोग गर्नुपर्ने बताएकी छन् ।

कैलालीको धनगढी उपमहानगरपालिकामा शनिबार आयोजित कार्यक्रममा उनले अव्यवस्थित बसोबासी, भूमिहीन परिवारलाई लालपुर्जा वितरणका लागि आवश्यक सहजीकरण तथा समन्वयका लागि सरकार सम्पूर्ण रूपमा तयार रहेको बताइन् । मन्त्री रावलले विकासका अन्य गतिविधिजस्तै भूमिसम्बन्धी समस्या समाधानलाई पनि उच्च प्राथमिकतामा राखेर काम गर्न धनगढी उपमहानगरपालिकालाई आग्रह गरिन् ।

यसअघि भूमि समस्या समाधान समिति कैलालीको बैठकमा उनले ६०० दिनभित्र लालपुर्जा वितरण गरिसक्नेगरी सरकारले काम गरिरहेको जानकारी दिँदै जिल्लाका सबै पालिकामा समस्या समाधानका लागि सहजीकरण गर्न समितिलाई आग्रह गरेकी थिइन् । मन्त्री रावलले भूमि समस्या समाधान कार्यका लागि आवश्यक स्रोतसाधन, जनशक्ति उपलब्ध गराउन सरकार तयार रहेको बताइन् ।

समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले कैलालीमा चाडै लालपुर्जा वितरण गर्ने तयारीबारे छलफल भएको जानकारी दिए । मन्त्री रावल कैलाली र कञ्चनपुरमा विभिन्न कार्यक्रममा सहभागी हुने कार्यतालिका रहेको प्रमुख जिल्ला अधिकारी रेग्मीले बताए ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३१६७०० | प्रति तोला – ० | प्रति तोला – ४९८५ |



**माटोको भाँडा बनाइँदै** | भक्तपुरको मध्यपुर थिमि नगरपालिका–६, चपाचोमा माटोका भाँडा बनाउँदै स्थानीय सुनहरी प्रजापति । १६ वर्षको उमेरदेखि व्यावसायिक रूपमा माटोका भाँडा बनाउँदै आएका प्रजापतिले बुबा र हजूरबुबाबाट सिकेको पुर्ख्यौली सीपलाई निरन्तरता दिँदै आएका छन् । *तस्बिरः प्रविन पौडेल/रासस*

# कोशीमा विद्युत् आपूर्ति सुधार गर्न मन्त्री श्रेष्ठको जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले कोशी प्रदेशको विद्युत् आपूर्ति प्रणालीलाई थप व्यवस्थित, भरपर्दो र प्रभावकारी बनाउँदै विद्युत् खपत वृद्धि गर्न विशेष ध्यान दिनुपर्ने बताएका छन् ।

कोशी प्रदेशको भ्रमणका क्रममा नेपाल विद्युत् प्राधिकरणका प्रादेशिक तथा वितरण कार्यालयका प्रमुख, कर्मचारी, जनप्रतिनिधिलगायत सरोकार भएका निकायका प्रतिनिधिसँग शनिबार छलफल गर्दै उनले विद्युत् आपूर्तिमा देखिएका समस्या, स्थानीयवासीका गुनासा र कर्मचारीका समस्या पहिचान गरी तत्काल समाधान गर्न निर्देशन दिएको मन्त्री श्रेष्ठको सचिवालयले जनाएको छ ।

प्रदेशको विद्युत् वितरण प्रणालीको वर्तमान अवस्था, उपलब्धि र आगामी कार्यदिशाबारे आयोजित अन्तरक्रियामा मन्त्री श्रेष्ठले नागरिकले नियमित, गुणस्तरीय र भरपर्दो विद्युत् सेवा पाउने वातावरण बनाउन प्राधिकरणका कर्मचारीले विगतभन्दा अझ बढी मेहनत गर्नुपर्ने बताए । विद्युत् आपूर्तिमा समस्या देखिएलगत्तै समाधान गर्ने र गुनासो प्राप्त भएपछि ढिलाइ नगरी सम्बोधन गर्ने प्रणाली विकास गर्न निर्देशन दिँदै उनले समयमै सूचना प्रवाह र प्रभावकारी गुनासो व्यवस्थापनले नागरिकको विश्वास बढाउने बताए ।

मन्त्री श्रेष्ठले वितरण केन्द्रले स्थानीय आवश्यकता र समस्याका आधारमा अघि सारेका रचनात्मक योजना तथा प्रस्तावलाई प्रादेशिक कार्यालयमार्फत प्रभावकारी रूपमा अगाडि बढाउनुपर्नेमा जोड दिए । योजना, बजेट र पूर्वाधार निर्माणको उपलब्धिभन्दा नागरिकले प्राप्त गरेको सेवाको गुणस्तरलाई कामको वास्तविक मूल्यांकनको आधार बनाउनुपर्ने उनको भनाइ छ ।

सरकारले चालु आर्थिक वर्षमा प्रसारण तथा वितरण प्रणाली सुधारका लागि पर्याप्त बजेट विनियोजन गरेको उल्लेख गर्दै मन्त्री श्रेष्ठले बजेट कार्यान्वयनका लागि सुरुदेखि स्पष्ट योजना बनाएर काम अघि बढाउन निर्देशन दिए । आर्थिक वर्षको अन्त्यमा मात्रै प्रगति खोज्नेभन्दा अहिलेबाटै आयोजना तथा कार्यक्रम कार्यान्वयनलाई गति दिनुपर्ने उनले बताएको सचिवालयले जनाएको छ ।

औद्योगिक तथा व्यावसायिक गतिविधिका दृष्टिले महत्वपूर्ण कोशी प्रदेशमा विद्युत् खपत बढाउने पर्याप्त सम्भावना रहेकाले उद्योग, व्यवसाय तथा अन्य क्षेत्रमा विद्युत् उपयोग विस्तारका लागि विशेष कार्यक्रम बनाउनुपर्ने ऊर्जामन्त्री श्रेष्ठको भनाइ छ । कोशीमा विद्युत् चुहावट नियन्त्रणमा भएको प्रगतिलाई सकारात्मक उपलब्धिका रूपमा उल्लेख गर्दै उनले प्रसारण तथा वितरण पूर्वाधारसँग सम्बन्धित समस्या समाधानका लागि जनप्रतिनिधि र स्थानीय तहसँग सहकार्य बढाउनुपर्ने सुझाव दिए । प्राधिकरणमा बजेट तथा कार्यक्रम कार्यान्वयनमा विकेन्द्रीकरणको अभ्यास सुरु गरिएको उल्लेख गर्दै मन्त्री श्रेष्ठले प्रादेशिक कार्यालयले प्राप्त अधिकार, जिम्मेवारी र स्रोतको अधिकतम उपयोग गर्नुपर्ने बताए । अधिकारसँगै जिम्मेवारी पनि बढेकाले त्यसको परिणाम नागरिकले महसुस गर्ने गरी काम गर्नुपर्नेमा उनले जोड दिए ।

छलफलमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सरिता दवाडीले वितरण प्रणालीमा लक्षित सुधार गर्न सके दिगो र गुणस्तरीय विद्युत् सेवा प्रवाहमा उल्लेख्य परिणाम हासिल गर्न सकिने बताए । चुहावट नियन्त्रणमा कोशी प्रदेशले गरेको सुधारलाई सेवा प्रवाहमा समेत रूपान्तरण गर्नुपर्ने उनले बताए ।

नेपाल विद्युत् प्राधिकरणका कामु कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले नागरिकको अपेक्षा उच्च रहेकाले प्राधिकरणले कार्यसम्पादनको स्तर अझमाथि उठाउनुपर्ने बताए । नागरिकले सेवा प्रवाहलाई विद्युत् कटौती र आपूर्तिको नियमितताका आधारमा मूल्यांकन गर्ने भएकाले तत्कालीन, मध्यकालीन र दीर्घकालीन योजना बनाएर अघि बढ्नुपर्ने उनले सुझाव दिए ।

प्राधिकरणका उपकार्यकारी निर्देशक एवं वितरण तथा ग्राहक सेवा निर्देशनालयका प्रमुख राजन ढकालले वितरण पूर्वाधार विस्तारसँगै नागरिकले प्राप्त गर्ने सेवाको गुणस्तरलाई केन्द्रमा राख्नुपर्ने बताए । औद्योगिक तथा घरायसी क्षेत्रमा उच्च विद्युत् खपत गर्ने प्रदेश भए पनि कोशीमा विद्युत् खपत अझै बढाउन सकिने सम्भावना रहेको उनले बताए ।

प्राधिकरणको कोशी प्रादेशिक कार्यालयका प्रमुख कमल आचार्यका अनुसार प्रदेशका १४ जिल्लाका २४ वितरण शाखामार्फत ११ लाख ३७ हजारभन्दा बढी ग्राहकलाई विद्युत् सेवा उपलब्ध गराइएको छ । गत आर्थिक वर्षमा प्रदेशमा दुई हजार ४८ दशमलव ४१ गिगावाट घण्टा विद्युत् बिक्री गरिएकामा रु १९ अर्ब २१ करोड आम्दानी भएको उहाँले जानकारी दिए । प्रदेशमा विद्युत् चुहावट ११ दशमलव २१ प्रतिशतमा झरेको उनले जानकारी दिए ।

कोशी प्रादेशिक कार्यालयअन्तर्गत तीन महत्वपूर्ण सबस्टेसन निर्माणाधीन रहेको बताउँदै प्रमुख आचार्यले मोरङको लेटाङमा पोलमाउन्टेन प्रविधिको सबस्टेसन निर्माण सम्पन्न भएको जानकारी दिए ।

छलफलमा मोरङ र सुनसरीबाट प्रतिनिधित्व गर्ने सांसद दीपक साह, सिर्जना श्रेष्ठ, रुबिना आचार्यलगायतले जनअपेक्षाअनुसार विद्युत् सेवा प्रवाहमा सुधार गर्न सुझाव दिए । उनीहरूले स्थानीयस्तरमा देखिएका विद्युत् आपूर्ति तथा पूर्वाधारसम्बन्धी समस्या तत्काल सम्बोधन गर्दै नागरिकलाई सहज, सुलभ, नियमित र भरपर्दो विद्युत् सेवा उपलब्ध गराउनुपर्नेमा जोड दिए ।

# जुम्लामा 'कृषि, पर्यटन तथा औद्योगिक व्यापार' महोत्सव

■ प्रभाव संवाददाता

**जुम्ला–** जुम्लाको कृषि, पर्यटन तथा औद्योगिक क्षेत्रको विकास गर्ने उद्देश्यले 'कृषि, पर्यटन तथा औद्योगिक व्यापार' महोत्सव सुरु भएको छ । उद्योग वाणिज्य संघ र राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान जुम्लाको संयुक्त आयोजनामा पाँचौं बृहत् कृषि, पर्यटन, कृषि, संस्कृति तथा औद्योगिक व्यापार मेला आजदेखि सुरु भएको हो ।

जिल्लास्थित उद्योग वाणिज्य संघका अध्यक्ष दिलबहादुर रोकायाले जुम्लामा उत्पादन हुने अर्ग्यानिक कृषिउपज, यहाँका पर्यटकीय सम्भावना बोकेका क्षेत्रको प्रचारप्रसार गर्ने तथा संस्कृति तथा व्यापार प्रवर्द्धन गर्ने उद्देश्यका साथ १७ दिने बृहत् औद्योगिक व्यापार महोत्सव सञ्चालन गरिएको जानकारी दिए ।

जिल्ला सदरमुकाम खलंगा बजारमा रङ्गशालामा आयोजित महोत्सवमा स्थानीय र राष्ट्रियस्तरका चर्चित कलकारको प्रस्तुतिसमेत रहने राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानका अध्यक्ष विश्वराज खत्रीले बताए । प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईंले महोत्सवले उद्योग, पर्यटन र संस्कृति क्षेत्रको प्रचारप्रसार तथा प्रवर्द्धन गर्ने, उद्यमीलाई अवसर र जिल्लाका लागि नयाँ कार्ययोजनाका साथ अघि बढ्ने अपेक्षा राखिएको बताए ।

यहाँको स्याउ, सिमी, कालिमार्सी र रातीमार्सी धान तथा पशुपालनलाई प्रवर्द्धन गरेमा जिल्लाका साथै मुलुक समृद्ध बन्ने अपेक्षासहित महोत्सव आयोजना गरिएको चन्दननाथ नगरपालिका-५ का वडाध्यक्ष बिर्ख कार्कीले जानकारी दिए । जुम्लासहित कर्णालीको मौलिक पहिचानका रूपमा रहेको खस सभ्यता झल्काउने हुड्के नाच, मागल गानको समेत मेलामा प्रर्दशन हुने संघले जनाएको छ ।

उद्योग वाणिज्य संघ जुम्लाद्वारा आयोजित महोत्सवमा स्थानीय उत्पादन अर्ग्यानिक स्याउ, फापर, कोदोका परिकार, चिनो, कागुनोको खीर, मकै तथा मार्सेका लड्डु, राडीपाखी, खरायोको टोपी, गलबन्दी मुख्य आकर्षण बनेका छन् । आलुको चिप्स, कोदोको मःमः, फापरको केक, चौँरीको दूधबाट बनेको छुर्पीका साथै पुराना संस्कृतिका कपडासमेत नमूनाका लागि महोत्सवमा राखिएको आयोजक संघले जनाएको छ । त्यस्तै, स्टेशनरी सामान, कपडा होलसेल बिक्री, विभिन्न सामानका गरेर १०० भन्दा बढी कक्ष (स्टल) महोत्सवस्थलमा राखिएका छन् ।

# गुल्मीको नयाँ आकर्षण धुर्कोटको 'ग्रेटवाल'

**गुल्मी–** गुल्मीको धुर्कोट गाउँपालिकाले ऐतिहासिक धुर्कोटकोट र बुढीकोटलाई जोड्ने गरी ढुंगाबाट निर्माण गरेको एक किलोमिटर लामो 'धुर्कोट ग्रेटवाल' पछिल्लो समय जिल्लाको नयाँ पर्यटकीय गन्तव्यका रूपमा परिचित हुँदै गएको छ । टाढाबाट हेर्दा विश्वप्रसिद्ध ग्रेटवालको झल्को दिने उक्त संरचना हेर्न तथा हिमशृंखलाको दृश्यावलोकन गर्न आन्तरिक र बाह्य पर्यटकको आकर्षण बढ्दै गएको हो ।

धुर्कोट गाउँपालिका-६ स्थित ऐतिहासिक धुर्कोटकोट र बुढीकोटलाई जोड्ने गरी ढुंगाको पर्खाल चिरेर निर्माण गरिएको पैदल मार्गलाई गाउँपालिकाले 'धुर्कोट ग्रेटवाल' नामकरण गरेको हो । उक्त संरचनाबाट चारैतिरका रमणीय दृश्यसँगै माछापुच्छ्रे, अन्नपूर्ण, धौलागिरिलगायत हिमशृङ्खलाहरूको दृश्यावलोकन गर्न सकिन्छ ।

विशेषगरी सार्वजनिक बिदाका दिन घुम्न, श्रव्यदृश्य सामग्री बनाउन, तस्बिर लिन, सामाजिक सञ्जालका लागि सामग्री बनाउन र प्राकृतिक दृश्यको आनन्द लिन जिल्लाभित्र तथा बाहिरबाट आन्तरिक तथा बाह्य पर्यटक आउने गरेका धुर्कोट गाउँपालिकाका अध्यक्ष भूपाल पोखरेलले बताए । उनका अनुसार ग्रेटवाल निर्माण भएपछि यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा सहयोग पुगेको छ ।

अध्यक्ष पोखरेलले पर्यटकलाई कम्तीमा दुई दिनसम्म धुर्कोटमा बस्ने वातावरण बनाउने उद्देश्यले विभिन्न पर्यटकीय पूर्वाधार निर्माणलाई प्राथमिकता दिइएको बताए । पैदलमार्ग निर्माण गर्दै जाने क्रममा संरचना ग्रेटवाल जस्तो देखिएपछि यसको नाम 'धुर्कोट ग्रेटवाल' राखिएको उनको भनाइ छ ।

'धुर्कोटको पर्यटन प्रवर्द्धनका लागि ऐतिहासिक धुर्कोटकोट तथा संग्रहालय, विचित्र गुफा, बुढीकोट ग्रेटवाल, सहिद पार्क निर्माण गरी पर्यटकीय क्षेत्रलाई एकीकृत रूपमा विकास गर्ने पालिकको योजना छ । यसले आर्थिक गतिविधि चलायमान बन्नुका साथै रोजगारीका अवसर सिर्जना भई स्थानीयको आयआर्जन बढ्ने अपेक्षा छ', अध्यक्ष पोखरेलले भने ।

पालिकाका अनुसार धुर्कोट ग्रेटवाल निर्माणमा गाउँपालिकाको ७० प्रतिशत र संघीय सरकारको ३० प्रतिशत लगानी रहेको छ । कुल रु तीन करोड २३ लाखको लागतमा निर्माण गरिएको उक्त संरचनाबाट पर्यटन प्रवर्द्धनसँगै स्थानीयस्तरमा रोजगारी सिर्जना, आर्थिक गतिविधि विस्तार तथा व्यापारव्यवसायमा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ ।

यस क्षेत्रमा ऐतिहासिक धुर्कोटकोटमा विभिन्न पूर्वाधार निर्माण गरिएको छ भने बुढीकोट क्षेत्रमा आकर्षक ग्रेटवालसँगै विशाल शिवको मूर्ति, मन्दिर तथा अन्य मनोरञ्जनात्मक संरचनासमेत निर्माण गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रुद्रप्रसाद पन्थीले बताए । पर्यटकीय क्षेत्रलाई थप हराभरा र आकर्षक बनाउन गाउँपालिकाले ग्रेटवालको दायाँबायाँ तथा बुढीकोट क्षेत्रमा विभिन्न प्रजातिका दुई हजारभन्दा बढी बिरुवा रोपेको गाउँपालिका उपाध्यक्ष सीता गिरीले जानकारी दिइन् । पर्यटकीय पूर्वाधार र रोपिएका बिरुवाको संरक्षण तथा हेरचाहका लागि गाउँपालिकाले हेरालुको समेत व्यवस्था गरेको उनले बताइन् ।

ग्रेटवाल हुँदै पैदलयात्रा गर्ने क्रममा नजिकै विशाल शिवको मूर्ति भएको स्थानमा पुग्न सकिन्छ । त्यहाँबाट गुल्मी जिल्लाको करिब ८० प्रतिशत भूभाग देख्न सकिने अध्यक्ष पोखरेलले बताए । अग्लो डाँडाबाट देखिने प्राकृतिक दृश्य, हरियाली वनजंगल र टाढासम्म फैलिएका हिमशृंखलाले पर्यटकलाई थप आकर्षित गर्ने स्थानीय चुरा भण्डारीले बताए । *रासस*


## विज्ञप्ति

वैदेशिक रोजगार व्यवसायमा सिन्डिकेट र एकाधिकार कायम गर्ने कुनै पनि प्रयास अस्वीकार्य मलेसिया नेपाली श्रमिकहरूको प्रमुख वैदेशिक रोजगार गन्तव्य तथा रेमिट्यान्स आप्रवाहका दृष्टिकोणले राष्ट्रकै महत्वपूर्ण मुलुकमध्ये एक हो । नेपाली श्रमिकको रोजगारी तथा भर्ना प्रक्रियालाई व्यवस्थित, पारदर्शी, प्रतिस्पर्धात्मक र श्रममैत्री बनाउन नेपाल सरकार र मलेसिया सरकारबीच भएका द्विपक्षीय श्रम सम्झौता तथा स्थापित कानुनी व्यवस्थाको पूर्ण रूपमा पालना हुनुपर्दछ भन्ने प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालको दृढ अडान रहेको छ।

नेपालमा प्रचलित ऐन, नियम तथा कानुनबमोजिम इजाजतपत्र प्राप्त गरी वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरिरहेका सम्पूर्ण व्यवसायी तथा संस्थालाई वैदेशिक रोजगार व्यवसाय सञ्चालनका क्रममा समान अवसर, समान पहुँच र स्वस्थ प्रतिस्पर्धाको अधिकार सुनिश्चित हुनुपर्दछ भन्ने प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालको स्पष्ट मान्यता रहेको छ।

हाल मलेसियाको विदेशी कामदार भर्ना प्रक्रियामा प्रयोग हुँदै आएको FWCMS प्रणालीमा नेपालका सीमित २५ वटा व्यवसायीरसंस्थालाई मात्र आबद्ध गरी अन्य वैधानिक रूपमा सञ्चालित वैदेशिक रोजगार व्यवसायीलाई उक्त प्रक्रियाबाट बाहिर राखिएको विषय, तथा अन्य सीमित व्यवसायीहरूको नाम समावेश गरी Excel Sheet तयार गरी सार्वजनिक गर्ने कार्यबाट व्यवसायीहरूबीच भ्रम, अविश्वास र विभाजन सिर्जना हुन सक्ने अवस्थाप्रति प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालको गम्भीर ध्यानाकर्षण भएको छ।

नेपालमा हाल करिब १,२०० भन्दा बढी इजाजतपत्र प्राप्त वैदेशिक रोजगार व्यवसायी तथा संस्था रहेको अवस्थामा अन्य व्यवसायी तथा संस्थालाई समान अवसर र प्रतिस्पर्धाको कानुनी अधिकारबाट वञ्चित गर्दै सीमित व्यवसायीलाई मात्र FWCMS प्रणालीमा पहुँच प्रदान गरिने कुनै पनि व्यवस्था न्यायोचित हुन सक्दैन।

यस्तो व्यवस्था कायम भएमा वैदेशिक रोजगार व्यवसायमा सिन्डिकेट, एकाधिकार तथा पहुँच र प्रभावका आधारमा अनुचित नियन्त्रण कायम हुने, स्वस्थ प्रतिस्पर्धा समाप्त हुने र अन्ततः वैदेशिक रोजगारीमा जाने श्रमिकमाथि अतिरिक्त आर्थिक भार तथा शोषणको जोखिम बढ्ने अवस्था सिर्जना हुन सक्नेप्रति मञ्च गम्भीर चिन्ता व्यक्त गर्दछ ।

यस सन्दर्भमा मिति २०८३/०५/०६ गते बसेको प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपालको आकस्मिक बैठकले सिन्डिकेटविरूद्ध सञ्चालन हुने कार्यक्रम तथा अभियानप्रति ऐक्यबद्धता जनाउँदै ँध्क्ष्ःक् प्रणालीमा समावेश भएका भनिएका २५ वटा संस्थाको आबद्धता, प्रक्रिया, मापदण्ड र त्यससम्बन्धी निर्णयको तत्काल निष्पक्ष छानबिन गरी तथ्य र प्रमाणका आधारमा आवश्यक कारबाहीको प्रक्रिया अघि बढाउन नेपाल वैदेशिक रोजगार व्यवसायी संघसमक्ष जोडदार माग गरेको छ।

साथै, वैदेशिक रोजगार व्यवसायीहरूको समान अधिकार तथा प्रतिस्पर्धाको वातावरणमा हस्तक्षेप गर्ने कुनै पनि कार्यलाई निस्तेज पार्न नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग तथा सम्बन्धित नेपाली कूटनीतिक नियोगहरूलाई तत्काल आवश्यक पहल र उचित कदम चाल्न प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल ध्यानाकर्षण गराउँदछ ।

FWCMS प्रणालीमा सीमित व्यवसायी तथा संस्थालाई मात्र पहुँच प्रदान गरिएको विषयमा कुन प्रक्रिया, मापदण्ड, निर्णय र आधारबाट त्यस्तो आबद्धता भएको हो भन्ने विषय पारदर्शी रूपमा सार्वजनिक गरिनुपर्ने मञ्चको स्पष्ट धारणा रहेको छ। साथै, यस प्रक्रियामा कुनै प्रकारको आर्थिक कारोबार, शुल्क, कमिसन वा अन्य लाभ-सुविधाको आदानप्रदान भएको भए त्यसको समेत सम्बन्धित निकायबाट निष्पक्ष छानबिन हुनुपर्ने हाम्रो माग रहेको छ।

वैदेशिक रोजगार व्यवसाय कुनै व्यक्ति वा सीमित समूहको निजी स्वार्थमा सञ्चालन हुने क्षेत्र होइन। यो लाखौं नेपाली श्रमिक तथा उनीहरूका परिवारको जीवन, रोजगारी र आर्थिक भविष्यसँग प्रत्यक्ष जोडिएको संवेदनशील क्षेत्र हो । यस क्षेत्रमा पारदर्शिता, समान अवसर, स्वस्थ प्रतिस्पर्धा, व्यवसायिक मर्यादा र कानुनी शासन कायम गर्नु सबै सरोकारवालाको साझा जिम्मेवारी हो ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सिन्डिकेट तथा एकाधिकारविरूद्ध लिएको अडानप्रति समर्थन जनाउँदै, वैदेशिक रोजगार व्यवसायमा सिन्डिकेट, एकाधिकार तथा व्यवसायीबीच विभेद सिर्जना गर्ने कुनै पनि प्रयासविरूद्ध प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल दृढतापूर्वक उभिने प्रतिबद्धता व्यक्त गर्दछ।

सोम बहादुर तामाङ (सोम लामा)
महासचिव

जनक रावल
अध्यक्ष

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च, नेपाल
काठमाडौं, नेपाल







प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ